# धम्मदिन्ना थेरी



★ ★ ★

अनागारिका सुशीला

Downloaded from http://www.dhamma.digital

# धम्मदिन्ना थेरी

Dhamma.Digital

सम्पादिका

**अनागारिका सुशीला**

**"परियत्ति सद्धम्म कोविद"**

**तनविहार, चंकी, ललितपुर ।**

Downloaded from http://www.dhamma.digital

प्रकाशकहरूः–

भाइ

प्रेमनारायण (जुजुभाइ मानन्धर)

बहिनी

वसुन्धरा मानन्धर

पहिलो संस्करण १००० प्रति

नेपालसंवत् ११११२

बुद्धसंवत् २५३६

बिक्रमसंवत् २०४९

इसवीसंवत् १९९२

नेपाल प्रेस

शुक्रपथ, कान्तिपुर

फोन– २२ १० ३२

Downloaded from http://www.dhamma.digital



स्व. कृष्णदेवी मानन्धर

जन्म मिति वि. सं. १९७६ भाद्र कृष्ण (कृष्णाष्टमी)
दिवंगत मिति वि. सं. २०४५ मंसीर १६ गते (अष्टमी)

Downloaded from http://www.dhamma.digital

# स्व० कृष्णदेवी मानन्धरको संक्षिप्त जीवनी

पिता उजेरमान र आमा अष्टमाया मानन्धरका कुलमा वि. सं. १९७६ साल भाद्र कृष्णाष्टमीका दिन काठमाडौंको कमलाक्षी टोलमा जन्म भएकी कृष्णदेवी मानन्धर बालककालदेखि शील-स्वभावले पूर्ण भएकी उपासिका थिइन् । आफ्नो परिवारका बीचमा सबैसँग मेलमिलाप राखी आफूले सकेको कुरा सबैलाई सिकाई बोध गर्न सके-की निज मानन्धरले कसैलाई पनि क्षुद्रवचन प्रयोग गर्दैनथिइन् । साथै परिवारका सबै सदस्यहरू पनि वहाँदेखि खुशी र प्रसन्न भैरहेका थिए । आफ्नो घरको थिति रिति मिलाई सबै परिवारहरूलाई अर्ति-बुद्धि दिइरहन्थिन् । विहार विहारमा गई बुद्धपूजा गरी धर्मउपदेश सुनी, ज्ञान र गुणको प्रवचन गर्ने ठाउँमा अघिसर्ने, गुरुहरूले दिएको ज्ञान-गुणको कुरामा ध्यान लगाई आचरणमा ल्याउने बानि उनीमा थियो । आफूले सुनेको धर्म उपदेश आफ्नो परिवार जनलाई बोध गरी सुखी परिवार बनाउन प्रयत्न गर्दथिन् । उनी आफ्नी बहिनी बसुन्धरालाई त्रिशूलीमा भेट्न जाँदा पूज्य बुद्ध-घोष महास्थविरद्वारा परियत्तिशिक्षाको उपदेश पाएकी

Downloaded from http://www.dhamma.digital

थिइन् । पछि बु. सं. २५०८ सालमा नेपाल बौद्ध परियत्ति शिक्षा २ कक्षासम्म अध्ययन गरी उत्तीर्ण भइन् । विहार–विहारमा खुशी र प्रसन्न मनले आजीवन सदस्य थिइन् । यी उपासिकाले धरान बयरवन चतराको बुद्ध विहारको लागि एउटा बुद्धको निर्वाणमूर्ति पनि प्रदान गरेकी थिइन् । भिक्षु अनागारिकाहरूलाई आदर–गौरव राखी धर्म उपदेश सुनी विश्वास गर्ने आजीवन ब्रह्मचर्य धारण गर्ने उपासिका कृष्णदेवी २०४५ मंसीर १६ गते स्वर्गे भइन् । जति ज्ञानी–गुणी भएतापनि एक दिन सबैले छोडेर जानुपर्नेछ ।

अनिच्चावत संखारा उप्पदवय धम्मिनो ।
उपज्जित्वा निरुज्झन्ति तेसं उपसमो सुखो ।।

"सब्ब दानं धम्मदानं जिनाति" अर्थात् सबै दानभन्दा धर्मदानले जित्छ भन्ने बुद्धवचन अनुसार स्वर्गे हुनुभएका हाम्रा दिदी कृष्णदेवी मानन्धरको पुण्यस्मृतिमा यो सानो 'धम्मदिन्ना' पुस्तक प्रकाशित गरी धर्मदान गर्दछौं । आशा छ, यस पुस्तकबाट सबै विज्ञजनहरू लाभान्वित हुनेछन् ।

आफ्नो जीवनकालमा एउटा पुस्तक प्रकाशित गर्ने कुरा अ. सुशीला गुरुमांसँग चलेको थियो तर अनुकूल नमिलेको कारण प्रकाशित गर्न सकिएन । अब वहाँको मरणोपरान्त प्रकाशित गरी सबै प्राणीहरूका निम्ति पनि निर्वाणको हेतु होस् भनी प्रार्थना गर्दछौं ।

Downloaded from http://www.dhamma.digital

यो पुस्तक यहाँहरूको हातमा पुऱ्याउने अथक प्रयास गरी सम्पादिका हुनुभएका अ. सुशीला गुरुमांप्रति कृतज्ञता प्रकट गर्दछौं ।

भाइ– जुजुभाइ मानन्धर
बहिनी– वसुन्धरा मानन्धर
असन कमलाक्षी
काठमाडौं

Downloaded from http://www.dhamma.digital

# आफ्नो विचार

श्रद्धावन्तहरूका सामू धम्मदिन्ना थेरीको जीवनी नेपाली भाषामा प्रकाशित गर्न पाउँदा अति हर्षित भइरहेकी छु। यही विषय २०१९ सालमा त्रिशूली सुगतपुर विहारमा बौद्ध परियत्ति अध्ययन गरिरहँदा बुद्धघोष महास्थविरद्वारा बर्मीभाषाबाट नेपालभाषामा अनुवाद गरी धर्मरत्न शाक्य-द्वारा छाँटकाँट गरी पुस्तकको रूपमा प्रकाश भैसकेको थियो ।

अब फेरि नेपालीभाषामा प्रकाशित गर्ने इच्छा उत्पन्न भएकोले प्रधान अध्यापक सुवर्ण शाक्यज्यूद्वारा अनुवाद गरी प्रकाशित भइरहेको हो ।

यो पुस्तक प्रकाशित गर्नको लागि सहायता दिनुहुने महानुभावहरूमा २०१९ सालमा त्रिशूली सुगतपुर विहारमा बौद्ध परियत्ति अध्ययन गरिरहँदा श्रीमती वसुन्धरा मानन्धर उपासिका पनि परियत्ति अध्ययन गरिरहँदा, वहाँकी दिदी कृष्णदेवी मानन्धर आफ्नी बहिनी वसुन्धरालाई भेट्न आउनु-भएको बेला मेरो वहाँसँग परिचय भएको थियो । त्यहाँदेखि समय समयमा वहाँसँग सत्सङ्गत भइरहने भयो ।

कृष्णदेवीको आफ्नो जीवनकालमा नै आफ्नो फोटो राखी एउटा पुस्तक प्रकाशित गर्ने इच्छा भएको कुरा चलाउँदै थिइन् । अनुकूल नमिल्नाको कारणले प्रकाशित हुन सकेको थिएन । वहाँ दिवंगत भएपछि वहाँको पुण्यस्मृतिमा यस

Downloaded from http://www.dhamma.digital

धम्मदिन्ना थेरी पुस्तक वहाँका श्रद्धेय भाइ प्रेमनारायण (जुजुभाइ) र बहिनी वसुन्धरा मानन्धरहरूको धर्म चित्तले आफ्नो दिदीको निर्वाण कामना गरी यसरी प्रकाशित गर्नुभएको हो ।

यस धम्मदिन्ना पुस्तक प्रकाशित गर्नुभन्दा पहिले "त्रिरत्न वन्दना" नामक पुस्तक धर्मकीर्ति अध्ययन गोष्ठीका तर्फबाट पनि प्रकाशित भइसकेको थियो ।

पहिले प्रकाशित भएको धम्मदिन्ना पुस्तक बर्मी-भाषाबाट नेपालभाषामा अनुवाद गरिदिनुभएको मा पूज्यवर बुद्धघोष महास्थविरले आफ्नो अमूल्य समय दिई, दुई शब्द पनि लेखी सहायता दिनुभएको मा वहाँप्रति सादर कृतज्ञता प्रकट गर्दछु । नेपालभाषाको पुस्तकलाई दरबार हाइस्कूलका प्रधान अध्यापक सुवर्ण शाक्यज्यूले नेपालीभाषामा अनुवाद गरिदिनुभएको मा वहाँप्रति हार्दिक धन्यबाद ज्ञापन गर्दछु । अन्तमा नेपालप्रेस परिवारलाई पनि धेरै धेरै धन्यवाद दिन्छु । यो 'धम्मदिन्ना' यसरी पुस्तकको रूपमा ल्याउनको लागि सहायता गर्नुभएको मा श्रद्धेय मानन्धर जुजुभाइ र बहिनी वसुन्धराहरूको मङ्गल कामना व्यक्त गर्दछु । साथै दिवंगत हुनुभएकी कृष्णदेवीको पनि सद्गति कामना गर्दछु । अस्तु ।

२०४६।५।७ — अनागारिका सुशीला

तर्नविहार, चक्क्री, ल. पु. — परियत्ति सद्धम्म कोविद

Downloaded from http://www.dhamma.digital

# दुई शब्द

धम्मदिन्ना बुद्धकालीन अग्रस्थान प्राप्त गर्ने प्रमुख श्राविकाहरूमध्ये धर्मकथिकामा अग्र हुनुहुन्छ ।

उनी राजगृह नगरका ४० करोड धनसम्पत्ति भएको महाजनकुलमा जन्मेकी थिइन् । उमेर पुगेपछि उनको विवाह सोही नगरका अर्को ४० करोड धनसम्पत्तिका मालिक विशाखसेंठसँग भयो । विशाखसेंठ मगधराज बिम्बिसारका अति विश्वासी साथी थिए । भगवान् बुद्धले बुद्धत्व प्राप्त गर्नुभई सर्वप्रथम राजगृहनगरमा आउनुहुँदा राजा बिम्बिसार भगवान् बुद्धको दर्शन गर्न १२ लाख जनसमूह साथ लिएर जाँदा विशाखसेंठ पनि गएका थिए । त्यसबेला भगवान् बुद्धको धर्मोपदेश सुनेर श्रोतापत्ति फल प्राप्त गर्ने ११ लाख उपासकहरूमध्ये विशाखसेंठ पनि एक थिए । उनले भगवान्‌को धर्मोपदेश सुनेर पछि क्रमशः सकृदागामी र अनागामी फल पनि प्राप्त गरे ।

अनागामी फल प्राप्त व्यक्तिमा कामराग द्वेष–भाव स्वतः निरोध हुने हुँदा विशाखसेंठ आफ्नी धर्मपत्नी धम्मदिन्नाबाट अलग्गिनु स्वाभाविक थियो । एक दिन विशाखसेंठले धम्मदिन्नालाई भने–

Downloaded from http://www.dhamma.digital

"धम्मदिन्ना ! मैले तथागतको धर्म श्रवण गरेर लोकोत्तर ज्ञान प्राप्त गरिसकें। यस्तो ज्ञान प्राप्त हुने व्यक्तिमा कामरागमा भुल्ने स्वभाव रहँदैन। त्यसकारण म पनि अबउप्रान्त कुनै विषयमा भुल्नेछैन, खानु पिउनुमा पनि मेरो कुनै लालच हुँदैन तसर्थ तिमीले मेरो ४० करोड धन-सम्पत्ति र तिम्रो ४० करोड धनसम्पत्ति जम्मा ८० करोड धनसम्पत्तिको मालिक भएर मेरो मातृस्थानमा बस, कि त बहिनीको रूपमा बस। तिमीले दिएको भोजनबाट जीवन निर्वाह गर्छु। यदि यसरी बहिनीको रूपमा पनि यो घरमा बस्ने इच्छा छैन भने यी धनहरू लिएर माइतिघरमा जाने भए पनि जाऊ। अथवा अन्त कहीं जान चाहन्छौ भने तिमीले पुनर्विवाह गरे पनि म तिमीलाई बहिनी वा छोरीको रूपमा व्यवहार गरी हेरचाह गर्नेछु।"

आफ्ना स्वामीको यस्तो कुरा सुनेर धम्मदिन्ना पहिले त साह्रै दुःखित भइन् परन्तु अघि पदुमोत्तर तथागतका पालामा भवबन्धनबाट मुक्त हुन सकिने पुण्यपारमी पूरा गरेर आएकी हुनाले चित्त डाह नगरिकन केही क्षणभित्रै यस्तो विचार गरिन्–

"मेरा स्वामीले लोकोत्तर धर्म साक्षात्कार गरिसकेको हुँदा यस्तो भन्नुभयो होला। परन्तु वहाँले थुकेका थुक समानको यो धनसम्पत्तिलाई मैले मात्र किन चाट्ने ? वहाँले लाभ गर्नुभएको लोकोत्तर ज्ञानमार्गमा लागेर म पनि त्यो ज्ञान साक्षात्कार गर्छु।" यति दृढ निश्चय गरिसकेपछि आफ्ना

Downloaded from http://www.dhamma.digital

स्वामीको आज्ञा लिएर भिक्षुणीहरूको आश्रममा गई भिक्षुणी भइन् । कालान्तरमा कर्मस्थानभावना गरी प्रतिसम्भिदा सहित अर्हत् पद समेत प्राप्त गर्न सफल भइन् ।

यसरी महिलाहरूमा प्रमुख भएकी धम्मदिन्ना भगवान् बुद्धबाट धम्मकथिकामा अग्रस्थान प्राप्त गरेकी आर्य श्राविकाको विषयमा अनगारिका सुशीला 'परियत्ति सद्धम्म कोविद' ले आफ्नो अथक परिश्रमद्वारा सम्पादन गरी बहुजन हितको कामनाले प्रेरित भई यस पुस्तकलाई नेपालीभाषामा समेत प्रकाशित गर्ने इच्छा गरेको सराहनीय छ । साथै आफ्नी दिदी स्वर्गीय कृष्णदेवी मानन्धरको सुगति कामना गरी यो पुस्तक प्रकाशन गरेको मा जुजुभाइ मानन्धर तथा वसुन्धरा मानन्धर दुबै भाइ र बहिनीहरू साधुवादका पात्र हुनुहुन्छ । त्यस्तै दिवंगत कृष्णदेवी मानन्धरलाई पनि सद्गति लाभ होस् भनी मङ्गल कामना गर्दछु ।

बुद्धघोष महास्थविर

सुमङ्गल विहार
लुँखुसि टोल
पाटन
९ श्रावण २०४९

Downloaded from http://www.dhamma.digital

# छोटो दृष्टि

नेपाल बुद्ध जन्मेको देश हो । यहाँ आदिबुद्धहरूलाई मान्ने पुज्ने चलन छ । आदिबुद्धहरू पौराणिक देवताको रूपमा रहेका ले यिनीहरूलाई ईश्वरकै रूपमा मान्दछन् । भगवान् गौतम बुद्धले ईश्वर जसलाई भनिन्छ त्यो नै मानिसको लागि सबै कुरा होइन, मानिसको लागि आफू नै सबै कुरा हो भनेपनि यहाँको संस्कारमा मानिसले ईश्वरमा नै सबै कुरा सुम्पेर आफू ईश्वरको दास हुनु नै जीवनको सार्थकता हो भन्ने ठानी व्यवहार गरिराखेको छ। फलस्वरूप यहाँ भगवान् गौतम बुद्धलाई पनि ईश्वर नै मान्दछन् । थेरवादी परम्पराका विहारमा जाने उपासक उपासिकाहरूको संख्या आज धेरै भइसकेका छन् तापनि उनीहरू ईश्वरवादी संस्कारको धारणाले नै बुद्ध पूजामा संलग्न भएका देखिन्छन् ।

नेपालका बुद्धधर्मावलम्बीहरू आचरणशुद्धिमा भन्दा पूजामा बढी महत्त्व राख्ने खालका देखिन्छन् । बुद्धका उपदेश सुन्दा निदाउनेहरू धेरै देखिन्छन् । ननिदाई उपदेश सुनिरहेतापनि त्यसको सार ग्रहण गरी व्यवहारमा उतार्ने विरलै देखिन्छ । देवस्थलहरूमा गएर पूजा गर्नेहरूमा पुरुषवर्गभन्दा महिलावर्ग बढी देखिन्छन् । महिलाहरू आफैले आफूलाई पुरुषभन्दा कमजोर ठान्ने गर्छन् र कुनैपनि कुरामा

Downloaded from http://www.dhamma.digital

छिटै विश्वास गर्ने हुन्छन् । कुनै कुराको विश्वासमा झ्वाट्टै लाग्ने भएका ले उनीहरू कुनै कुराप्रति कममात्र चिन्तन गर्दछन् । गहन विषयको सिद्धान्तमा उनीहरू कम चाख राख्दछन् । यसैले नेपालमा मानिसको जीवन संबन्धमा कुरा बुझाउनुपर्‍यो भने सजिलो तरिका अपनाउनको लागि कथाको माध्यमद्वारा शिक्षा दिइन्छ । यही कारण नेपालमा धर्मदेशना भनेकै कथाकुथुंग्री जस्तो हुन गएको छ । पण्डित, विद्वान् र भिक्षु, अनगारिकाहरूले धर्मदेशना गर्दा पनि कथाकै माध्यम लिएर संझाउने बुझाउने गरिन्छ । हुनपनि कथा भनिदिएमा श्रोतासमूह चुप लाग्ने हुन्छ नत्र सभामा कि त हल्ला हुन्छ कि त शान्त निद्रादेवीलाई अँगालेर बस्छ । यसैले नेपालमा बुद्धधर्म संबन्धमा निस्केका पुस्तकहरू प्राय: कथाकै भएका छन् । धम्मदिन्ना पनि एउटा यस्तै कथाकै पुस्तक हो । यो कथा ऐतिहासिक पुरुष महामानव गौतम बुद्धको समयको घटना हो । गौतम बुद्धको जीवनको ८० वर्षको समयावधिमा कुन तिथिमितिको बेलाको यो घटना हो त्यसको किटिएको विवरण थाहा हुन सकिएको छैन ।

यो धम्मदिन्ना पुस्तक बुद्धशासनप्रति किशोरावस्था-देखि समर्पित लगनशील आजकी वयोवृद्धा अनगारिका सुशीलाको कलमबाट निस्केको नारीउत्साहको नमूनाको कथा हो । नेपालभाषाभाषीका लागि प्रचार प्रसारको वस्तु बनिसकेपछि नेपालीभाषाभाषीप्रति पनि यसको प्रचार प्रसार बढाउने हेतुले नेपालभाषाबाट नेपालीभाषामा अनुवाद

Downloaded from http://www.dhamma.digital

गर्ने जिम्मा पूज्या अनगारिका गुरुमांले मलाई दिनुभयो। मैले शुरूदेखि अन्त्यसम्म यस पुस्तकलाई हेरें र नेपाली-समाजमा यसको छुट्टै महत्त्व रहेको देखेपछि यसलाई नेपाली-भाषाबाट अनुवाद गरिदिएको हूं। लेखिकाको इच्छा र प्रयास अनुसार यो पुस्तक केही समयअघि नै प्रकाशित भइसक्नुपर्ने थियो तर भाषागत अशुद्धि आदिलाई वास्ता नगरी हडबड गरेर तात्तै खाऊँ जल्दी मरूं भने झैं नगरेर प्रूफ हेर्दाहेर्दै मैले यसको प्रकाशनमा केही समय ढीला गरिदिन पुगेछुं। प्रेसलाई पनि छिटो र कमपटक प्रूफ हेरी समर्थन जनाइदिए हुन्थ्यो जस्तो थियो तर यस खालका बुद्धधर्म संबन्धका प्रकाशित पुस्तकहरू धेरैजसो भाषागत अशुद्धि रहँदारहँदै प्रकाशित भइराखेको देखी पुनः त्यस्तै भूलहरू दोहोऱ्याई अशुद्ध प्रकाशनका आरोपहरू खपिराख्नु उचित लागेन र लेखिका, दाता र प्रेस समेतको मबाट भएको ढिलाइको आरोप खप्न म तयार भएको छु। पालि-भाषा, संस्कृतभाषा र अंग्रेजीभाषामा एउटा वर्णसम्म अशुद्ध भएमा अपठ्यारो मान्ने र जङ्गिने स्वभावका कसैले पनि नेपाल-भाषा र नेपालीभाषालाई अशुद्ध प्रयोग गरेपनि कुरा बुझे त भइहाल्छ नि भन्नु ती भाषाप्रति आफन्त नसंझनु र न्याय नगर्नु हो भन्ने म सधैं धारणा राख्दछु। यस्तो ध्यान पुऱ्याउँदा पुऱ्याउँदै यस पुस्तकमा पनि प्रकाशित भएपछि ठाउँ ठाउँमा अशुद्ध हुन पुगेको छ नै।

विश्वसमाजमा नारीवर्ग पुरुषवर्गभन्दा दोस्रो दर्जामा

Downloaded from http://www.dhamma.digital

पुग्नुको अर्थ नारीप्रतिको पुरुषवर्गको अविश्वास हो । नारीलाई कमजोर ठान्ने प्रवृत्ति भगवान् बुद्धको समयमा पनि थियो । बुद्धधर्ममा पूर्ण दीक्षित भइसकेका विशाखसेंठले आफ्नी धर्मपत्नी धम्मदिन्नालाई विषयवासनाबाट अर्थात् तृष्णाबाट टाढा रहन नसक्ने ठानेका र धर्मपत्नीलाई पनि बहिनीको रूपमा रहनु भनेर नारीको अपमान गरी नारीको अवमूल्यन गरेको कुराले धम्मदिन्नाले स्त्रीसाहसको नमूना देखाई पुरुषवर्गको अभिमानमाथि एक थप्पड दिन समर्थ भइन् । जङ्गलको शान्तवातावरणमा गई प्रव्रजित जीवन यापन गर्न गएकी धम्मदिन्ना जङ्गलबाट चाँडै फर्केको देख्दा नारीचञ्चलता र नारीअधैर्यतालाई पुष्टि दिन खोज्ने विशाखसेंठलाई जङ्गलबाट सुदीक्षित बनी फर्केको कुरा अवगत गराई पुरुषको शङ्कालुप्रवृत्ति र महत्ताभासको जरो गाडिरहेको मन मस्तिष्कलाई एक चड्कन दिएर नारी अठोटको नमूना प्रस्तुत गरिदिइन् उसबेलाकी एक महिला धम्मदिन्नाले ।

भगवान् बुद्धको धर्मको प्रभाव नारी–जागृतिमा रहेको कुरा यस पुस्तकमा स्पष्ट गरिएको छ । नारी पनि साहसकी प्रतिमूर्ति हुन् भन्ने कुराको नमूना स्पष्टरूपमा यहाँ दर्शाइएको छ । विशाखसेंठ जो धम्मदिन्नाका पति थिए, उनले धम्मदिन्नालाई वन्दना गरे । यसले यो थाहा हुन्छ कि नारी पनि वन्दनीय हुन् पुरुष सरह । बुद्धधर्ममा कुनै पनि जाति, लिंग, वर्ण र वर्गभन्दा पनि शिक्षा र आचरणको आधा–

Downloaded from http://www.dhamma.digital

रमा ठूलो हुने हुन्छ, यही नै बुद्धधर्मको गुण हो । लोग्ने भएर पनि स्वास्नी भएकी धम्मदिन्नालाई विशाखसेंठले वन्दना गरेको यही कारणले हो ।

बुद्धधर्म तृष्णा र अहंकारको जरोलाई हुत्याई फाल्ने धर्म हो । सेंठ जस्तो व्यक्तिलाई कामतृष्णाबाट अलग्यायो र धर्मपत्नीलाई पर्यन्त बहिनीको रूपमा बस भने । त्यस्तै सम्पत्तिले पूर्ण भई सुखभोगमा लिप्त रहन सक्ने धम्मदिन्नाले सारा सम्पत्तिलाई त्यागी सरासर भिक्षुणी बनिन् ।

बुद्धकालीन कथाहरूमा धम्मदिन्नाकै कथा छानेर आफ्नो आकांक्षाको परिचय दिनुभएकी अनगारिका सुशीलाले सररर कथा बताउँदै बीच बीचमा आफ्नो विचार समेत व्यक्त गर्नुभएको छ, यो लेखिका गुरुमांको बुद्धशासन र अध्यात्मप्रतिको चिन्तनको रेखाङ्कन हो भन्नु अत्युक्ति नहोला ।

भगवान् बुद्धका समयमा श्रोतापत्ति मार्गफल प्राप्त गरेका व्यक्तिहरू धेरै थिए भन्ने कुरा पढ्न पाइन्छ र धर्म-देशना गर्दा भिक्षु र अनगारिकाहरू पनि यही कुरा भन्नुहुन्छ तापनि आजकाल श्रोतापत्ति फल प्राप्त गर्ने व्यक्ति एकजना पनि नदेखिएको हुंदा यस प्रकारको श्रोतापत्ति भन्ने कुरा नै बकंफ्वास लागी यस्ता कुरामा विश्वास नगर्ने पनि कोही हुन सक्छ तापनि गुणो स्वभाव भएका को हृदयमा कमसे कम पनि साध्वीको भावना जगाउन सकिएला भन्ने आशा यस पुस्तकबाट लिन सकिन्छ ।

Downloaded from http://www.dhamma.digital

आज बुद्धधर्मावलम्बीहरू भगवान् बुद्धको धर्म पहिलेभन्दा विश्वमा व्याप्त हुँदै गएको छ भन्दछन् तर मानिसमा बुद्धधर्मानुकूलको गुण भने घट्दै जाँदै छ। धर्मको लागि धर्म भनिनु सिवाय आचरणधर्मको स्थिति राम्रो देखिएको छैन। यही कारण यसप्रकारका 'धम्मदिन्ना' जस्ता पुस्तकहरू अझ बढी वैज्ञानिकरूपमा उदाहरण प्रस्तुत गरी प्रकाशित गरी जनमानसलाई बढीभन्दा बढी जागृत गराउनु आवश्यक ठान्दछु। अनगारिका सुशीला गुरुमांमा यस्तो साहस अझै पनि पलाउँदै वहाँबाट बुद्ध शासनको लागि टेवादिने खालका पुस्तकहरू प्रकाशित हुँदैरहनेछन् भन्ने कामना गर्दछु।

बुद्धसंवत्– २५३६ सुवर्ण शाक्य
गुंपुह्नी ख २–६१४, काठमाडौं
३, ॐ बहाल।

Downloaded from http://www.dhamma.digital

# हार्दिक समर्पण

मेरा जन्म दाता पूज्य पिता पूर्णरत्न शाक्यले मलाई हुर्काउनुभयो, पूज्या माता शुभलक्ष्मी शाक्यले मलाई बुद्धशासनमा प्रवेश गराउनुभयो । उहाँहरूको निर्वाण कामना गरी यो सानो पुस्तक सम्पादन गरी समर्पण गर्दछु ।

— अनागारिका सुशीला

Downloaded from http://www.dhamma.digital

# विषय–सूची


क) आफ्नो विचार

ख) छोटो दृष्टि

ग) दुई शब्द

| | | |
|---|---|---|
| १. | धम्मदिन्ना थेरीको पूर्वकथा | १ |
| २. | अरहत्त्व लाभ | २२ |
| ३. | धम्मदिन्नाको परीक्षा | २४ |
| ४. | विशाख उपासकको प्रश्न | ३१ |
| ५. | आर्य–अष्टाङ्गिक मार्ग | ३५ |
| ६. | तीन संस्कारहरू | ३६ |
| ७. | संज्ञावेदयित–निरोध समापत्ति | ३७ |
| ८. | तीन वेदनाहरू | ३९ |
| ९. | प्रतिपक्ष कारणहरू | ४२ |
| १०. | भगवान्को अनुमोदन | ४३ |


Downloaded from http://www.dhamma.digital

# धम्मदिन्ना थेरी

गौतम बुद्धको समयमा धम्मदिन्ना भन्ने एकजना महिला थिइन् । उनी ज्यादै राम्री थिइन् । नगरमा उनको नाम ज्यादै प्रसिद्ध थियो । उनी बुद्ध शासनमा प्रवेश भइन् र भिक्षुणी बनिन् । उनले बुद्धका उपदेशलाई अध्ययन मनन गरी राम्ररी धर्मलाई बुझिलिइन् र आफूले बुझेका बुद्धका उपदेशलाई सर्वसाधारण मानिसका बीचमा गई प्रचार प्रसार गरिन् । प्रज्ञावती वक्ता एवं पण्डिता भएको कारणले उनले भिक्षुणी भई धेरै समय नहुँदै पटिसम्भिदाज्ञान सहित अर्हत्त्व प्राप्त गरेकी थिइन् । यसैकारण भगवान् बुद्धले उनलाई धर्मकथिका भिक्षुणीहरूमध्ये अग्रगण्यस्थानमा मानी एतदग्गस्थानमा राख्नुभएको थियो ।

## धम्मदिन्ना थेरीको पूर्वकथा

एक लाख कल्पअघि पद्मोत्तर तथागतको पालामा यो धम्मदिन्ना हंसवती नगरको कुल गृहमा काम गर्ने दासी थिइन् । त्यस बखत पद्मोत्तर बुद्धका सुजात नामक एक अग्रश्रावक भिक्षु भिक्षाटनका लागि गइरहेको देखी ती दासीले प्रसन्न चित्त भएर उनलाई रोटी दान गरेकी थिइन् । एक दिन उनले विहारमा जाँदा पद्मोत्तर तथागतले कुनै एउटी

Downloaded from http://www.dhamma.digital

भिक्षुणीलाई धर्मकथिकाको रूपमा अग्रस्थान प्रदान गर्नुभएको देखेर वहाँ तथागतलाई आफूकहाँ भोजनको लागि श्रद्धापूर्वक निमन्त्रणा गरी भोजन दान गरिन् । उक्त भोजनोपरान्त उनले तथागतसँग आफू पनि भविष्यमा धर्मकथिका बनी अग्रस्थान प्राप्त गर्नका लागि प्रार्थना गरिन् । त्यसैबखत तथागतले उनीलाई "एक लाख कल्पपछि हुने शाक्यमुनि गौतम बुद्धको पालामा अग्रस्थान प्राप्त हुनेछ" भनी भविष्य-वाणी गर्नुभएको थियो ।

धम्मदिन्नाले जन्मजन्मान्तरमा भेटेका तथागतहरूमध्ये फुस्स तथागत पनि हुनुहुन्थ्यो । फुस्स तथागतका पालामा धम्मदिन्नाले त्यस जन्ममा पनि तीन महिनासम्मको वर्षा वासमा कौमारी ब्रह्मचर्य पालन गर्दै नित्यप्रतिदिन बुद्धको उपस्थान गरी तथागत प्रमुख बीस हजार भिक्षुसङ्घलाई दान प्रदान गरी धेरै पुण्यसञ्चय गरेकी थिइन् । वर्षावासको समय आफू कहाँ आई दान लिन आएकाहरूलाई मागेको भन्दा बढी दान दिने गर्थिन् । उनले शीलपालन गरी, दान गरेको मा सबैले उनको प्रशंसा गर्थे ।

भद्रकल्पमा काश्यप तथागतको पालामा वाराणसीका किकि नामक राजाका पुत्रीहरू सातजना थिए। उनीहरूका नाम क्रमश: श्रमणी, श्रमणीगुप्ता, भिक्षुणी, भिक्षुणी दायिका धर्मा, सुधर्मा र सङ्घदायिका थिए ।भगवान् बुद्धको पालामा क्रमश: क्षेमा, उत्पलवर्णा, कुण्डलकेशा, गौतमी, धम्मदिन्ना पटाचारा र विशाखा नामले प्रसिद्ध भएका थिए । ती छोरीहरूलाई

Downloaded from http://www.dhamma.digital

बाबुबाट भिक्षुणी हुने अनुमति नपाएको हुँदा बीस हजार वर्षसम्म कौमारी ब्रह्मचर्य पालन गर्दै नित्यप्रति दिन बुद्धको उपस्थान गर्नतिर लागो पुण्यसञ्चय गर्नमा यी धम्मदिन्ना अग्रगण्यमा रहेकी थिइन् ।

त्यसपछि यिनी धम्मदिन्ना पारमिता परिपक्व भएर अनेक भवमा जन्म लिँदै देवसम्पत्ति र मनुष्यसम्पत्तिको अनुभव गर्दै काश्यप तथागतका पालादेखि, तथागत गौतम बुद्ध उत्पन्न हुनुअघिका जन्महरूसम्ममा कुनैपनि हीन कुलमा जन्म भएन । पाँच सय पटकसम्म इन्द्रकी महारानी, प्रदेश राजाकी महारानी, एक राजाकी महारानी, साहुनी र महाजननी आदि भई जन्म लिएकी थिइन् । यसैले भनिएको पनि छ–

कुसलेहि निमित्तानि, सुखभोगानि विन्दरे ।
महापुञ्ञा अनायासा, भवेसुच्चेसुसब्बदा ।।

यसरी महापुण्यवान्हरूले उनीहरूद्वारा सञ्चय गरेको कुशल कर्मले गर्दा सधैं सुखभोगको अनुभव गर्न पाइने हुन्छ ।

यस प्रकारले ती धम्मदिन्नाले उच्च प्रकारका सुख ऐश्वर्यको अनुभव गर्दै शाक्यमुनि तथागतका पालामा राजगृह नगरमा ४० करोड धन सम्पत्ति भएका महाजनको कुलमा जन्म लिइन् । धर्मपूर्वक जन्मेकी र उत्तम पुत्रीको रूपमा प्राप्त भएकी हुनाले उनको नाउँ त्यस महाजनले "धम्मदिन्ना" भनेर राखेका थिए । पद्मोत्तर तथागतका पालामा भव बन्धनबाट मुक्त हुनको लागि प्रार्थना गरी आएकी अनि त्यही जन्म नै अन्तिम भएको कारणले पहिले गरिआएको पुण्य-

Downloaded from http://www.dhamma.digital

फलले रूपलक्षणले उत्तम भई नारीवर्गमध्ये उत्तम भएर जन्मेकी थिइन् । रूप लावण्यले पूर्ण भएकी, उनी १६ वर्ष पुग्दा देश भरि उनको नाउँ प्रसिद्ध भयो । ठाउँ–ठाउँमा साहू महाजनहरूले सौगात सहित पठाएर विवाहको लागि माग्न पठाए तर राजगृहका राजा बिम्बिसारले, अरू कुनै साहू, महाजनहरूको सौगात लिन नलगाई तक्षशिलामा आफूसँगै विद्या पढेर आएका विशाखसेंठसँग आफैंले विवाह गराइदिए । राजाको वचन उलङ्घन नगरी विवाह गरेकी धम्मदिन्नाले लौकिक सुखभोगको अनुभव गर्दै रहिन् ।

यतातिर विशाखसेंठ पनि पारमी पूर्ण गरीआएका थिए । यी सेंठ बिम्बिसार राजाका अति विश्वासपात्र मित्र थिए । भगवान् बुद्धले बुद्धत्व प्राप्त गरिसकेपछि सबभन्दा पहिले राजगृह नगरमा जाँदा बिम्बिसार राजाले १२ लाख जनसमूहका साथै लगी सर्वप्रथम बुद्धको दर्शन गर्न जानेहरूमध्ये यी सेंठ पनि एक हुन् । भगवान् बुद्धका उपदेश सुनी बिम्बिसार राजा सहित श्रोतापत्ति मार्गफल साक्षात्कार गर्ने उपासकहरूमध्ये पनि एक थिए ।

श्रोतापन्न हुने व्यक्तिहरू तीन संयोजनबाट मुक्त हुन्छन् । सक्कायदिट्ठि, विचिकिच्छा र सीलब्बतपरामास तर कामतृष्णाले मुक्त नभएकाहरू, विवाह बन्धनमा पर्नुपर्ने हुन्छ। गौतम बुद्धको समयमा श्रोतापन्न भएर पनि विवाह बन्धनमा पर्ने उपासक–उपासिकाहरू धेरै थिए । विशाखा ७ वर्षको

Downloaded from http://www.dhamma.digital

उमेरमा नै श्रोतापन्न भएकी थिइन् । उनी परिपक्व उमेरमा पुगेपछि पूर्णवर्धन सेँठपुत्रसँग उनको विवाह भयो र उनबाट १० जना छोरा र १० जना छोरी जन्मे । तिनीहरूबाट त्यसरी क्रमशः जन्म हुँदै ४०० नाति र ८००० पनातिहरू सहित भई पारिवारिक सुख–शान्ति अनुभव गरी बसेकी थिइन् । विशाखा महाउपासिकाको प्रेरणाले गर्दा नै उनका परिवारले बुद्धधर्म ग्रहण गरेका थिए । पूर्वाराम विहार निर्माण गर्दा विशाखा महाउपासिकाले अनेक प्रकारका दानकार्यमा आफ्ना श्रद्धायुक्त चित्तले दानादि पुण्यकर्म गर्दैथिइन् । त्यसै कारणले नै विशाखा महाउपासिकाको नाउँ प्रसिद्ध भएको थियो ।

श्रोतापन्न भएको कारणले विशाखसेँठ भगवान् बुद्धको दर्शनार्थ बिम्बिसार राजासँगै वेलुवन विहारमा गएर धर्म–उपदेश श्रवण गर्न जाने गर्थे । केटाकेटी छँदा दुबै सहपाठी भई विद्या पढेर आएको कारणले यी दुईमा ज्यादै मेलमिलाप थियो । विशाखलेसेँठ आफ्नी धर्मपत्नी धम्मदिन्नालाई पनि धर्म–उपदेश श्रवण गर्न जानको लागि भन्दथे तर धम्मदिन्नालाई धर्मको कुरा भनेपछि पटक्कै थाहा थिएन । फेरि धन–सम्पत्ति र यौवनले पूर्ण भएको कारणले उनले धर्ममा प्रमाद भएर श्रद्धा राख्न सकेकी थिइनन् । उनी सधैं विषयभोगमा मात्र भुली श्रृङ्गारपटारमा रहने गर्थिन् । उनका परिचारिकाहरू उनको ठूलो सेवा सुश्रूषा गर्थे । विवाह अघि अलङ्कारले नै राम्री थिइन् । उनी विवाहपश्चात् हीरा-

Downloaded from http://www.dhamma.digital

मोतीका गहनागुरिया तथा सुगन्धयुक्त तेलादिले युक्त भए- पछि त झन् झकिझकाउ भइन् । विशाखसेंठ भने श्रोतापन्न भंसकेको कारणले सामान्य मानिस जस्तो विषयभोगमा नभुल्ने र धर्मदेशना सुनी दानकार्यमा लाग्ने गर्थे । विशाख- सेंठले धम्मदिन्नालाई भगवान् बुद्धको दर्शन गर्न र धर्म–उपदेश सुन्न बारम्बार प्रेरित गरिरहन्थे तर धम्मदिन्नाले धर्म–उपदेश श्रवणमा श्रद्धा राख्दैनथिइन् र भन्थिन्- 'भो स्वामी!, धर्मोपदेश सुन्नाले कस्तो सुख–शान्ति प्राप्त हुन्छ र ? म त जान्न, जाने भए तपाईं मात्रै जानुहोस् । तर सेंठले उनको मन परिवर्तन गर्न मौका खोजिरहन्थे र धर्मको कुरा बुझाइदिनको लागि अनित्य दुःख र अनात्मको कुराहरू बताइरहन्थे तर यसबाट धम्मदिन्ना कहिल्यै बोध भइनन् र जवाफ दिन्छिन् –

"तपाईंले भन्नुभएको कुरा त ज्यादै डरलाग्दो छ, सुन्नासाथै यस्तो शरीरप्रति घृणाभाव पैदाहुने, प्रेम गर्न नहुने र सुख मान्न नहुने दुःख भनी सम्झनुपर्ने । यस्तो उपदेशको कुरा मलाई मन पर्दैन, तपाईं आफैंले बुझनुहोस् । यस्ता कुरा मलाई नसुनाउनुहोला । मसँग प्रशस्त धन सम्पत्ति छ । मलाई दुःखको कुरा मन पर्दैन । तपाईं आफै मात्र धर्म–उपदेश सुन्न जान्नुहोस् । म सुख ऐश्वर्यलाई निन्दा गर्नुभएको शब्द सुन्न चाहन्न । आफ्नी धर्मपत्नीको यस्तो कुरा सुनेर सेंठ आफै चुपलाग्थे तर पनि मौका आउनासाथ सेंठले भन्ने गर्थे, धम्मदिन्ना तिमीले मैले भनेको कुरा मानेर एक पटक त भगवान् बुद्धको धर्म–उपदेश सुनिहेर । मानिस-

Downloaded from http://www.dhamma.digital

हरूको लागि धर्म अति आवश्यक कुरा हो । धर्मले नै मानिस-हरू ठूलठूला हुन्छन् र साहू, महाजन, सेंठ र पण्डित आदि हुने गर्दछन् । त्यसैले धर्म श्रवण गर्नु अति आवश्यक छ । धर्मको रस थाहा पाउनासाथ सच्चा धर्मको महिमा बुझिन्छ । तसर्थ यो तिमीले नबुझिकन हुन्न । मनुष्यको सुख – सम्पत्ति वास्तविकरूपमा सारयुक्त होइन । भगवान् बुद्ध अद्वितीय महान् व्यक्ति हुनुहुन्छ । श्रीशोभाले युक्त स्वभावको वहाँको दर्शन एकपटकमात्र गर्‍यौ भने पनि तिमी त्यहाँबाट फर्कने मन गर्नेछैनौ । जाऊ, एक पटक त गई हेर । यसरी विनम्र पूर्वक धर्म श्रवण गर्न प्रेरित गर्न खोज्दा पनि उल्टो भन्थिन्– यस्तो कुरा तपाईका प्रियमित्र बिम्बिसार राजालाई मात्र सुनाउनु होस् । तपाई त जहिले पनि विहारमा जाउँ धर्मो-पदेश सुनुं भन्नुहुन्छ । यसरी आफ्नो धर्मपत्नीले कच्कट र दिक्क मानेको थाहा पाएर पनि सेंठ श्रोतापन्न भएको हुनाले उनले आफ्नी पत्नीलाई प्रेमपूर्वक कुराकानी गरी, उनको मन शान्त गरिदिने गर्थे । धन – सम्पत्तिको बारेमा कुनै कुराको तकलीफ नभएता पनि बीचमा सधैं धर्मोपदेश सुन्ने कुरामा कच्कच् भइरहन्थ्यो । आफु श्रोतापन्न भएर पनि ज्ञान–बुद्धि नहुञ्जेलसम्म सम्झाउन ज्यादै कठिन पर्दोरहेछ । बिम्बिसार राजाको पनि विशाखसेंठको जस्तै भइरहने गर्थ्यो । उनकी महारानी खेमा पनि सुख ऐश्वर्यमा भुलेर भगवान् बुद्धको धर्मोपदेश सुन्नतिर मन नै लगाउँदैन थिइन् । भनिएको छ–

Downloaded from http://www.dhamma.digital

अब्भसमा काम भोगा, सद्धम्मो च निसाकरो ।
भोगब्भह्मि अभिच्छन्ने, चन्दो सो नो हि भासते ।।

अर्थ :– काम सुख भनेको आलोकलाई ढाक्ने बादल जस्तो हो । सत्यपुरुषको सद्धर्म पूर्णचन्द्रमा जस्तै हो । त्यसैले कामसुखरूपी बादलले सम्पूर्ण दिशालाई ढाकि-राखेको बेला चन्द्रमा रूपी आलोक प्रकाश हुन गाह्रो छ ।

एक दिन विशाखसेंठ रथमा बसेर वेलुवन विहारमा गएर भगवान् बुद्धलाई आदरपूर्वक बन्दना गरी एकतिर गई बसे । भगवान् बुद्धले त्यो दिन गम्भीर रूपले धर्मदेशना गर्नु-भयो । नामरूप र पञ्चस्कन्ध धर्महरूलाई फारेर गम्भीर रूपले गर्नुभएको धर्मदेशना सुनेर विशाखसेंठलाई अनागामी मार्ग–फल प्राप्त भयो । उनी अनागामी फल प्राप्त गर्नासाथै 'कामतृष्णा' र द्वेष भावबाट पूर्णतः मुक्त भए । अनि आफ्नी धर्मपत्नीसँगको प्रेम – सम्बन्धबाट अलग भए । त्यतिमात्र होइन रागयुक्त चित्त भई कुरा गर्ने गर्नुसम्म पनि रहेनन् ।

भगवान् बुद्धका अगाडि अनागामी भइसकेपछि सेंठको धम्मदिन्नासँगको यौवनसुखमा आकर्षण हरायो । आफ्नो धन–सम्पत्तिमा गर्व हट्यो । यी दुई पति–पत्नीका बीच राय फाट्यो । दुइजनाको राय अलग अलग नै रह्यो । घरमा फर्कंदा धर्मोपदेश दिंदा पनि नहुनेलाई अब के गर्ने भनी विचार गर्दै गए । घरमा पुग्नासाथ अवस्था हेरी कुरा बनाउनुपर्ला भनी निश्चय गर्दै गए । उता घरमा आफ्नी

Downloaded from http://www.dhamma.digital

पत्नी धम्मदिन्नाले कुनै संयत योगी जस्तै शान्त-दान्त इन्द्रिय लिई आइरहेका स्वामीलाई देखे । अघि अघि भए आफूलाई झ्यालमा बसेकी देखी, हाँस्थे, त्यो दिन हाँसेको देखिनन् । सधैं झैं झ्यालमा प्रतीक्षा गरी बसीरहेकी धम्मदिन्नाले "किन होला आर्यपुत्र अरू अरू दिनमा जस्तै यताउता नहेरी, संयमित इन्द्रिय भई शिर निहुराई, चक्षुपथलाई आफ्नो बसमा राखी आइरहेका ?" भन्ने मनमा कुरा खेलाउँदै बसे । धम्मदिन्नाको मनमा तर्क वितर्क भयो- आज केही भयो होला ? मेरो प्रति सायद न राम्रो शङ्का त गरेनन् ? अथवा कसैले चुग्लि-लाइदियो कि । मुखाकृति ज्यादै फरक देखिएको छ । मैले यस घरमा आएदेखि उहाँको यस्तो प्रकारको रूप त कहिल्यै देखेको छैन । एकदम अद्भुत भयो । उनी माथि गइन् । आफूले पहिले गरिआए जस्तै आवश्यक कार्य गर्दै रहिन् । विशाख सेंठ भने कुनै कुरामा वास्तै नराखी चुपचाप बसिरहे । धम्मदिन्नाले ठूलो दुःख मानि बसे । भनिएको पनि छ-

दुक्खन्ति नारियो भूसं, अनलपह्मि सामिके ।
हदयं दह्यमाना व पिये, भाकुटिक इध ।।

अर्थ :- यस लोकमा आफ्ना प्रिय स्वामीले केही कुरा नबोली उदासीन रहँदा र रिसले उद्विग्न भइरहँदा स्वामीको आधारमा रहेका नारीहरूको हृदयमा आगोले पोले जस्तो दुःख हुन्छ ।

Downloaded from http://www.dhamma.digital

धम्मदिन्नालाई पनि त्यस्तै भयो । साँझ भोजन गराउने समय भयो । सदा झैं उनले आदरपूर्वक भोजन तयार पारिन् । सेंठ अनागामी फलमा पुगेको हुनाले गम्भीर भएर बसेको कुरा धम्मदिन्नालाई थाहा थिएन । भोजनको लागि सेंठलाई बोलाएर ल्याइन् । सदा झैं आफ्नो भोजन गर्दा बस्ने गरेको ठाउँमा बसेर भोजन गरे । भोजनको बेला थपथाप गर्नुपर्ने कुरा पनि आदरपूर्वक गरिन्। पहिले भए भोजन गर्दै अनेक प्रकारका आपसी आत्मीय कुरा गर्ने सेंठले त्यसबेला धम्मदिन्नाको मुखसम्ममा पनि दृष्टि नदिई निहुरिरहे । यस्तो अवस्था देखेर आफैले कुरा न उठाई भएन भनी सेंठको मनको कुरा बुझन भोजन गराउँदै नै उनीले सोधिन्– 'भो स्वामी ! तपाईंसँग म एउटा कुरा सोधूं कि ?'

'हुन्छ जे कुरा सोध्न मन लाग्छ सोध ।' सोमनस्स चित्तले विशाखसेंठले भने ।

तपाईंको मुखाकृति सदा झैं नभई आज केही मलिन देखिन्छ । आज सोध्नु पर्ने कुरा धेरै नै छन् । मेरो एउटा कुराको जवाफ स्पष्ट रूपमा दिनुभएमा मेरो मन बुझनेछ । तपाईं बाहिरबाट घर फर्कनुहुँदा मलाई देख्नासाथ हाँसी हाँसी घर पस्नुहुन्थ्यो तर आज एकपटक पनि हेर्नुभएन। भरेङमा पुग्दा पनि एक्लै सरासर माथि आउनुभयो । माथि पुगेर पनि केही कुरा बताउनुभएन । पहिले भए आफू गएर आएको ठाउँको बेलिविस्तार लाउनुहुन्थ्यो र बगैंचाबाट टिपेर ल्याएको फूल दिनुहुन्थ्यो तर आज तपाईं पत्थरको

Downloaded from http://www.dhamma.digital

मूर्ति झैं स्तब्ध रहनुभयो। यसको कारण बुझ्न सकिन। भोजन गर्दै रसिला कुराहरू गर्नुहुन्थ्यो। आज त्यो पनि छैन। यसरी सोधेको मा नरिसाउनुहोला। मलाई जस्तो तपाईंको स्वभाव कसलाई थाहाहोला। अनायास तपाईंको चित्तको स्वभावमा परिवर्तन आएको देखेर मेरो यो चित्तले थाम्न सकेन। मेरो केही दोष छ कि आज्ञा होस्। 'अझ मलाई छोड्एला कि' भन्ने डरलिनु भएको जस्तो लाग्छ, भनी भनिन्।

धम्मदिन्नाको कुरा सुनी सेंठले यस्तो विचार गरे– "यो लोकोत्तर धर्मलाई गौरव गरिराख्नुपर्ने धर्म हो। यस्तो गम्भीर धर्म कसैलाई प्रकाश गरिहिड्देनन्। यदि मैले प्राप्त गरेको लोकोत्तर धर्मको कुरा नबताएमा शायद यिनको हृदय फाटेर मृत्यु हुन पनि बेर छैन।"

यसरी विचार गरी धम्मदिन्नाप्रति अनुकम्पा गर्दै सेंठले भने–

'तिमीलाई त्यस्तो लागेको हुन सक्छ। मेरो चित्त परिवर्तन भएको कुरा म बताउँछु।'

"धम्मदिन्ने! आज मैले शास्ताको धर्म–उपदेश सुनेर लोकोत्तर धर्मलाई साक्षात्कार गरिसकें, गम्भीर धर्मको कुरा राम्ररी बुझें। भगवान् बुद्धको सामुन्ने मैले अनागामी फल प्राप्त गरें। त्यसैले मेरो मुखाकृति पहिले झैं नभएको हुनसक्छ।

Downloaded from http://www.dhamma.digital

धम्मदिन्नाले अनागामीफलको विषयमा थाहा न पाएकी हुनाले उनी पहिले झैं नै आफ्नो व्यवहार दर्शाइरहेकी थिइन् । उनीले भनिन्– "तपाईं भने त्यसरी धर्मदेशनाको कुरामात्र गर्नुहुन्छ, के त अनागामी हुनेहरू पत्थरको मूर्ति जस्तो मौन भइरहने हुन्छन् त ? मैले बुझ्न सक्नेगरी बताउनुहोस् ।" यसरी धम्मदिन्नाले भनेको कुरा सुनी बताएको कुरा नबुझेको हुनाले सेंठलाई के गरूं के गरूं जस्तो भयो । धर्मको कुरा थाहा नहुनेलाई संझाउनु भनेको ज्यादै गाह्रो कुरा हो भन्ने मन मनमा गुनी विशाख सेंठले भने–

अब मैले कुनै स्त्रीलाई पनि छुन सक्दिन, न त कुनै आहारमा लालच नै गर्नु सक्छु । तिमीसँग बसेर खानपान पनि गर्न सक्दिन । यदि तिमी चाहन्छयौ भने तिम्रो चालीस कोटी धन र मेरो चालीस कोटी धन जम्मा ८० कोटी धनको मालिकनी बनी मेरो मातृस्थानमा वा बहिनीको स्थानमा बसी आफ्नो काम गर । तिमीले दिएको भोजनद्वारा म जीविका गरी बस्ने छु । यदि यस्तो गरी बस्न चाहन्नौ भने यो धन लिएर आफ्नो माइती घर जाने भए पनि जाऊ । होइन भने फेरि तिमी चाहन्छौ भने सबै धन–सम्पत्ति लिएर अर्को स्वामीसँग पनि जान सक्छौ । धम्मदिन्ना, तिमीलाई म प्रष्टसँग भन्छु । मेरो कुरालाई राम्ररी ध्यान दिएर सुन । म विषयवासनाबाट मुक्त भै सकें । मेरो तर्फबाट तिमी स्वतन्त्र भयौ । अब तिमी आफु खुशी गर ।

धम्मदिन्ने ! अनागामी हुनेहरूमा कामतृष्णा र

Downloaded from http://www.dhamma.digital

द्वेषचित्त हुँदैन । कामतृष्णा नभएपछि अरू समान्य मानिसको जस्तो आफ्नी स्त्रीसँग आकर्षित हुने भन्ने हुँदैन । यस कारणले तिमीसँगको मेरो व्यवहार फरक देखिएको हो । तिमीले कुनै अपराध गरेको होइन । तिम्रो कुनै दोष छैन ।"

आफ्ना पतिदेवको त्यस्तो कुरा सुनी मनले थाम्न नसकी धम्मदिन्ना भुईमा लोट्टिन पुगिन्, नारी जातिको चित्त कमजोर हुने हुँदा धम्मदिन्ना त्यहीं मूर्च्छा परिन् । त्यसरो आफ्नो अगाडि मूर्च्छा परेकी धम्मदिन्नालाई देखेर पनि सेंठलाई कुनै किसिमले दुःख वेदना भएन । करुणाचित्तले धम्मदिन्नाको मन फर्काउने उपाय गरे ।

धम्मदिन्नाको होश फर्क्यो । तब सेंठका दुबै पाउमा शिर राखी विलाप गर्दै भनिन्–

"भो स्वामी ! अनागामीहरू के यसरी निर्दयी हुने हुन्छन् ? के म पतिव्रताधर्ममा बस्न सक्दिन? तपाईंलाई छाडी इन्द्र आए पनि मेरो चित्त फर्कंदैन ।"

भरखरकी युवती धम्मदिन्नालाई आफ्ना सबै सम्पत्ति लिएर जाऊ भनी भन्दा सेंठप्रति साँचैको प्रेम नभएको भए अति हर्षित हुने थिईं होलिन्, परन्तु धम्मदिन्नालाई त्यस्तो हर्ष नभई वियोगको शब्द सुन्न परेको ले चित्तमा अति दुःख हुन पुग्यो ।

अनागामी भएका आफ्ना स्वामीको कुरा सुनेको बेला धम्मदिन्नाले आफ्नो हृदय थाम्न सकिनन् । तथापि एक लाख

Downloaded from http://www.dhamma.digital

कल्पदेखि पुण्यपारमी पूर्ण गरिआएको हुनाले सदाको लागि चित्त डाह भएन र केही समय भित्रै चित्तको भावलाई बदलेर यसरी विचार गरिन्–

"मेरा स्वामीले अनागामी फल प्राप्त गर्नुभएको हुनाले कामतृष्णा र द्वेषबाट मुक्त हुनुभयो। मसँग रहन नसक्ने कुरा बताउनुभयो। आफूसँग भएका सबै सम्पत्ति लिएर जोसँग मनपर्छ सोहीसँग पुनर्विवाह गर्न सक्छ भन्नुभयो। योभन्दा बढी दुःख मेरो लागि अरू के हुन सक्छ ? वहाँले थुकेका थुक जस्तै त्यागेको धन–सम्पत्तिलाई म पनि त्यसरी नै त्याग गर्दछु। नारी भयो भन्दैमा केही गर्न नसक्ने नारी पनि त म होइन। खालि नारी र पुरुष हुनु सिबाय अरू के कुरामा फरक छ र ? वहाँले यसो पनि भन्नुभएको छ कि बहिनीको रूपमा रहेर काम कुरा गरि-रहनू। मैले मात्र त्याग गर्न सक्दैन भनेर सम्झनुभयो होला। वहाँ आफू कामतृष्णाले मुक्त भए झैं म पनि त्यस तृष्णाबाट मुक्त हुन सक्दिन भन्ने ठान्नु भएको होला। कामतृष्णाबाट मुक्त हुने शक्ति वहाँमा मात्र छ भन्ने विचार गर्नुभएको होला। नारी भएर पनि तृष्णाबाट मुक्त हुने ज्ञान त अवश्य लाभ गर्न सकिन्छ। वहाँले तृष्णा मुक्त हुँदा पनि म आफूले तृष्णा सहित भइरहनु ज्यादै लज्जाको कुरा हो।" यसरी विचार गर्दै धम्मदिन्नाले विन्ति गर्दै यसरी भनिन्– "भो स्वामी ! तपाईंले प्राप्त गरिलिनुभएको धर्म अथवा ज्ञान नारीले प्राप्त गरिलिन सकिन्न ?"

Downloaded from http://www.dhamma.digital

यो कुरा सुनी धम्मदिन्नालाई धर्ममा स्थापित गर्न नसकी दिक्क भइरहेका सेंठले सोमनस्स चित्तले भन्नुभयो– "धम्मदिन्ने ! भगवान् बुद्धको धर्ममा नारी र पुरुष भन्ने भेदभाव छैन । प्रज्ञा भएका जोसुकैले पनि मार्गफल सहित ज्ञान प्राप्त गर्न सक्छन् ।"

विशाखसेंठको कुरा सुनी धम्मादिन्नाले विचार गरिन् । आफूले पनि ज्ञान प्राप्त गरिलिनमा कोशीश गर्ने र कामतृष्णाको बन्धनमा परिरहनु ठूलो लज्जाको कुरा हो भन्ने ठानी बहिनीको रूपमा यस घरमा रहनुभन्दा त्यागीरूपले रहनु नै उत्तम छ भनी यस गाथा सुनाइन्–

इमिना पूति कायेन, कामराग वसं गता ।
आगारे वसितुं दावी, लज्जामि गीहि वेसिका ।।

"भो स्वामी ! यो कुहिएर जाने शरीर लिई पञ्च-कामगुणको बसमा परी आनन्द लिई गृहस्थीभेषले घरमा बसिरहनु साह्रै भ्रमको कुरा हो ।" धम्मदिन्नाको यो कुरा सुनी सेंठले विचार गरे– "उनको कुरा साह्रै राम्रो हो, तर उनले वियोग सहन नसकेर यसो भनेकी हुन् कि ।" सांचै नै भनेकी भए उनीलाई साधुवाद छ ।" यसरी विचार गरिसकेपछि उनले भने– "बहिनी ! घरमा बस्न मन नभए के जङ्गलमा बस्न जाने हो कि ?"

Downloaded from http://www.dhamma.digital

"भो स्वामी ! हो तपाईंको वचन पाएमा वनमा गएर बस्न म तयार छु। कृपापूर्वक मलाई वचन दिनुहोला।" धम्मदिन्नाले भनिन्।

"यसप्रकारले वचन मागेको सुनी विशाखसेंठले भने– वहिनी ! नारी जातिले कुनै पनि कुरा विचारै नगरिकन भन्ने गर्दछ। वास्तविक रूपमा नै श्रद्धापूर्वक भिक्षुणी हुनु राम्रो हो। भगवान् बुद्धले पनि भन्नुभएको छ कि श्रद्धापूर्वक प्रव्रजित भएमा मात्र बुद्धशासनमा टिकेर रहन सक्छ, विना श्रद्धाले मनपरि किसिमले प्रव्रजित भएमा पछि श्रद्धा विहीन भई गृहस्थीमै फर्कने मन हुन सक्छ र प्रव्रजित भइरहनु भनेको यस लोकमा सबैभन्दा ठूलो कुरा भएको हुँदा साधारण विचारले मात्र हुन सक्ने कुरा होइन।"

"तपाईंको विचारमा मैले भिक्षुणी हुन सक्दिन भनी ठान्नुभएको होला म त्यस्तो प्रकारले श्रद्धाविहीन नारी होइन। भिक्षुणी बनेर फेरि गृहस्थमा फर्कला भनेर तपाईंले सोच्नुपर्दैन। यस्तो भार वहन गर्न म आफैं तयार छु। तपाईंले कुनै प्रकारको धन्दा लिनुपर्दैन। मलाई वचनमात्र दिनुहोस्।" धम्मदिन्नाले भनिन्।

एकै पटकमा यसरी परिवर्तन भएकी धम्मदिन्नालाई विशाखसेंठले फेरि पनि भने– "बहिनी ! भिक्षुणी हुनु भनेको ज्यादै कठिन कुरो हो। एक्लै रहनुपर्ने, दिनको एक छाकमात्र खानुपर्ने। कसैको भरोसामा बस्नु हुँदैन।

Downloaded from http://www.dhamma.digital

श्रीखण्ड सुगन्धादि वस्तु लेपन गरी फूल सिउरेर शृङ्गार गर्ने आदि विषयलाई त्याग गर्नुपर्छ। आफ्नो भरोसा आफैंले लिई बस्नुपर्छ। घरैपिछे भिक्षाटन गरी जीवनयापन गर्नुपर्छ। तिमी सुखपूर्वक हुर्केकी, कोमल शरीर भएकी, भिक्षुणी हुनु भनेको सहनशक्ति रहेमा मात्र हुने कुरा हो। एक पटक फेरि राम्ररी सोची विचार गरी हेर, जीवनभर बिताउनु-पर्ने। त्यसैकारण मनमा आए झैं भन्नुहुँदैन। तिमीले भिक्षुणी हुने मलाई मन नपरेको होइन, तिम्रो कोमल नारीस्वभावको लागि मात्र मैले यो कुरा भनेको हूं। फेरि तिमी उमेर चढेकी। त्यसैले ठूलो दुःखमा परौली भनेर मात्र करुणा-चित्तले यो कुरा भनिरहेको हूं।"

"भो स्वामी! मैले भिक्षुणी भएका लाई देखेको छु। महास्थविरा गौतमी आदि शाक्य राजकुमारहरूका भार्याहरू मभन्दा पनि सुकुमारी हुनुहुन्छ। वहाँहरू भिक्षुणी हुन सक्नुहुन्छ भने मैले किन हुन नसक्नू। मैले भिक्षुणी भइ-सकेपछि तब तपाईंले मेरो शक्ति देख्नुहुनेछ। यस विषयमा तपाईंले धन्दा मान्नुपर्दैन। मलाई छिटै वचनमात्र दिनुहोस्। भिक्षुणी भइसकेपछि मलाई खानपिउनको लागि तपाईंले पीर लिनुपर्दैन।" यति कुरा भनी धम्मदिन्नाले यो गाथा पढेर सुनाइन्–

पच्चति मुनिनो भत्तं, थोकथोकं घरे घरे।
पिण्डिकाय गमिस्सामि, अत्थि जङ्घबलं मम॥

Downloaded from http://www.dhamma.digital

"भो आर्यपुत्र ! भिक्षुहरूका लागि घर घरमा केही न केही भोजन बनाई तयार पारिराखेको हुन्छ । भिक्षाचरणको लागि जान मेरो खुट्टा अहिलेसम्म बलियो छ ।"

"भो आर्यपुत्र ! तपाईंले थुक्नुभएको थुकलाई म चाट्न चाहन्न, न त त्यसलाई शिरमा लिई हिँड्न नै सक्छु, न त त्यस्ता थुकेका थुकलाई कसैले लिन नै चाहन्छ । अतः मलाई प्रव्रजित हुने अनुमति दिनुहोस्, म प्रव्रजित हुन चाहन्छु ।"

"साधु ! बहिनी ! म पनि तिमीलाई यस्तै मार्गमा लगाउन चाहन्छु, किन्तु तिम्रो मनोभावलाई बुझ्न नसकी मैले केही नभनेको हूं ।"

यति कुरा सुन्नासाथ विशाखसेंठ बिम्बिसार राजा कहाँ गई नमस्कार गरी एक छेउमा उभिइरहे ।

"गृहपति ! किन कुबेलामा आएको" राजाले सोधे । "महाराज ! धम्मदिन्ना प्रव्रजित हुन चाहन्छे" विशाखसेंठले विन्ति गरे । "त्यसो भए, उनको निम्ति के चाहिन्छ त ?" अरू त केही चाहिन्न, एकै सुवर्णमय पालकी पाए बेश हुने थियो" सेंठले विन्ति गरे । राजाले सुवर्णमय पालकी दिलाइदिए र नगर पनि सफासुग्घर गराउन लगाइदिए । अनि धम्मदिन्नालाई सुगन्धित पानीले नुहाउन लगाई, सबै प्रकारका गहनाले अलंकृत गराई पालकीमा राखी, आफ्ना सबै ज्ञाति परिवारहरूले परिवृत गराई, पुष्प–धूपहरूद्वारा

Downloaded from http://www.dhamma.digital

सुवासित गराई ठूलो यात्राका साथ भिक्षुणी निवासस्थानमा लगी विन्ति गरे– "आर्या ! यी उपासिकालाई प्रव्रजित गराइ-दिनु होस् ।"

"गृहपति ! एक दुई कुराको दोषलाई सहन सक्नुपर्छ, आत्तिनुहुन्न ।" भनी भिक्षुणीहरूले भन्नुभएपछि सेंठले यस्तो भने–

"आर्याहरू ! धम्मदिन्नाको कुनै दोष छैन; उनी श्रद्धापूर्वक नै प्रव्रजित हुन आएकी हुन् ।"

त्यसपछि एक वक्ता भिक्षुणीले धम्मदिन्नालाई त्वच-पञ्चक कर्मस्थानका कुरा बताई, केश क्षौर–गराइन् । धम्मदिन्ना भिक्षुणी भएपछि सबै परिषद्हरू आ-आफ्ना घर फर्के । विशाखसेंठले पनि आफू घरमा जाने बेलामा धम्मदिन्नालाई यसरी भने–

"धम्मदिन्ना, अब आफ्नो शिक्षालाई राम्ररी पालन गरी बस ।" यसरी भनेको समयमा सेंठ अनागामी फल प्राप्त नगरेका व्यक्ति भए उनले गहभरि आँसु लिई घर फर्कनुपर्ने थियो ।

विशाखसेंठमात्र भिक्षु हुन नसकेको ले गृहस्थरूपमा घर मै बसिरहे । भगवान् बुद्धको समयमा अनागामी भएर पनि प्रव्रजित हुन नसकी गृहस्थरूपमा नै रहेका व्यक्तिहरू धेरै थिए । मानिसले किन भिक्षु हुन नसक्ने भन्ने विषयमा अट्ठकथाचार्यहरूले भनेका छन्– "पहिले पहिलेका जन्ममा भिक्षु नभएका पुद्गलहरू र चीवर दान नगरेका ले भिक्षु हुन

Downloaded from http://www.dhamma.digital

सकिन्न । त्यसैले अहिले धर्मोपदेश श्रवण गरिरहेका मनुष्य-हरूले पछि जन्म–मरणबाट मुक्त हुने बेलामा भिक्षु भएर मुक्त हुने हो भने चीवर दानगर्नुपर्दछ ।" वास्तवमा राम्ररी विचार गरी हेरेमा भिक्षु भएर जन्म-मरणबाट मुक्त हुनेहरू अरूभन्दा धेरै उच्च श्रेणीमा रहने हुन्छ किनभने देव र ब्रह्माहरू उपदेश सुनेर अर्हत् भएपनि उनीहरूले चीवर पहि-रन पाउने हुँदैन । देव र ब्रह्माहरूलाई भिक्षु हुने वचन छैन । देव र ब्रह्माहरू जन्म–मरणले मुक्त भएका मनुष्यहरू-भन्दा पनि धेरै छन् । त्यसैले भिक्षु भएर जन्म–मरणबाट मुक्त हुनु अति नै उत्तम छ ।

धम्मदिन्ना भिक्षुणी भएको समाचार मध्यदेशभरि नै फैलियो । उनको नाउँमात्र सुनेका थिए तर उनलाई नदेख्ने-हरू धेरै थिए । त्यसैले उनलाई हेर्नको लागि श्रद्धापूर्वक आउने गरेका मानिसहरू अटूटरूपमा थियो । उनको रूप लावण्य राम्रो भएको अनुहार त्यसै बेलामात्र धेरैले देखे । भिक्षुणी नहुँदाखेरि नै सुन्दर रूप भई पारमी भएकी उनी भिक्षुणी भएर पहेँलो चीवर पहिरिराखेको अवस्थामा त उनको रूप झन् भव्य देखियो । उनलाई दर्शन गर्न आउने परिषद्हरूमध्ये उनको तारिफ नगर्ने कोही पनि रहेनन् । त्यस्तो प्रकारले राम्रो व्यक्तित्व भएकी उनी कति पुण्य सञ्चय गरो आएकी होलिन् । अति रूपवती भएर पनि धन–सम्प-त्तिले परिपूर्ण भएर त्यागी हुन सकेको मा 'धन्य धन्य' भनी उनी सबैबाट प्रशंसित हुन पुगिन् ।

Downloaded from http://www.dhamma.digital

यसरी उनी भिक्षुणी भएको देखेर धेरै जसो नारीहरू पनि भिक्षुणी बन्न प्रेरित भए। उनको दर्शन गर्न जानेहरू खालीहातले जाँदैनथे। आगन्तुकहरूद्वारा दान दिएको वस्तु पर्वत झैं थुप्रियो। उनीसँग बसेका अरू भिक्षुणीहरूको समेत सत्कार र सम्मान वृद्धि भयो। पुण्यपारमी हुनेहरू, बुद्ध-शासनमा प्रवेश हुँदा शासन अझ बढी सुशोभित हुने रहेछ।

लाभ सत्कारले गर्दा धम्मदिन्नाले आफ्नो काम सिद्ध गर्न सकिनन्। उनले यसरी विचार गरिन्– "मैले धन–सम्पत्ति सबै त्यागें, यी सेंठले गृहस्थमा बसेर नै दुःख नाश हुने लोकोत्तर ज्ञानलाई साक्षात्कार गरिलिए भने प्रव्रजित भएकी मैले त झन् चाँडै दुःख अन्तहुने निर्वाण पाउन सक्नुपर्छ। भिक्षुणी भएको अरूलाई देखाउनको लागि मात्र होइन। आफ्नो चित्त पवित्र गरी निर्वाण प्राप्तिको लागि हो। अरहत्त्व प्राप्त गर्न नसकुन्जेल कोशिश जारी राख्दछु।" त्यसपछि उनी आफ्ना उपाध्याय गुरुकहाँ गइन् र विन्ति गरेर भनिन्– "भो आर्य ! यस विहारमा परिषद्गणहरू धेरै छन्। यो समूहमा बसेर मैले विमुक्ति–ज्ञान प्राप्त गरिलिन सक्दिन। एकान्त जङ्गलमा गई ध्यानभावनामा रहने मन भयो।" धम्मदिन्नाको मनको आशय बुझेर उपाध्यायगुरुले उनको पवित्र कार्यमा सहयोग पुऱ्याउन उनीसँग जङ्गलमा

Downloaded from http://www.dhamma.digital

गए । धम्मदिन्नाको दैनिक कार्यमा सघाइदिने उनका साथीहरू पनि साथैमा गएका थिए । पुण्यपारमी भएका को लागि कर्मस्थानभावना गर्न बाहिर जानेबेलामा पनि सेवा टहल गर्नेहरूको कमी नहुने रहेछ ।

## अरहत्त्व लाभ

जङ्गलमा पुगेपछि आफ्नो पूर्वकृत पुण्यलाई स्मरण गरी कर्मस्थानभावना गर्दै लैजाँदा धम्मदिन्नाले चाँडै नै पटिसम्भिदाज्ञान सहित अरहत्त्व प्राप्त गरिन् । अरहत्त्व प्राप्त गरिसकेपछि उनले यस सम्बन्धमा धम्मदिन्नाले आफ्नो पूर्वकृत पुण्यफलको कुरा प्रकट गरिन् ।

"एक लाख कल्पअघि 'पद्मोत्तर–बुद्धको' पालामा म एक दासीकुलमा जन्मेकी थिएं । एक दिन निरोधसमापत्ति-ध्यानबाट उठेर आउनुभएका 'पद्मोत्तर बुद्ध' का सुजात भन्ने अग्रश्रावक भिक्षुलाई मैले आफ्नो चुल्ठो बेची भोजन दान दिएकी थिएँ । मैले उनको प्रार्थना गरेको प्रणिधिको पुण्य-द्वारा प्रव्रजित भएको धेरै दिन नबित्दै 'अरहत्त्व' प्राप्त गर्न सकेको हो ।"

"जुन उद्देश्य लिई म यस बुद्धको शासनमा प्रव्रजित भएकी हूं सो मेरो अर्थ पूरा भइसक्यो । अब जनपद र गाउँमा मात्र बसेर के गरूं राजगृहमा नै गएमा त्यहाँ मेरो ज्ञातिबन्धु र मित्रहरूले ज्ञान र पुण्य कमाउन सक्नेछन् र

Downloaded from http://www.dhamma.digital

भिक्षुणीहरू पनि लाभान्वित हुनेछन् । मैले बुद्धको दर्शन गर्न पाउनेछु । अतएव राजगृहमै फर्कनुपऱ्यो ।" उनले विचार गरिन् ।

यति सोचेर भिक्षुणीहरूका साथ फर्कने र त्यहाँ गएर बुद्धशासन अभिवृद्धि गर्नको लागि चतुप्रत्ययद्वारा सकेको कार्यमा सहयोग पुऱ्याउने कुरा मनमा विचार गरी राजगृहमा नै फर्किन् । धम्मदिन्नाले अरहत्त्व प्राप्त गरेको मा भगवान् बुद्धले पनि उनको प्रशंसा गर्नुभएको थियो ।

जङ्गलमा गएकी धम्मदिन्ना भिक्षुणी बनी राजगृहमा फर्किन् भन्ने खबर सबै ठाउँमा फैलियो । यो खबर सुनी विशाखसेंठको मनमा अर्कै कुरा पऱ्यो । धम्मदिन्ना जङ्गलमा गएको धेरै दिन नबित्दै चाँडै नै फर्किन् । स्त्रीजातिको ज्ञानले तृष्णा विमुक्त हुन धेरै समय लाग्ने हुन्छ । अल्सी भएर नै उनी राजगृहमा फेरि फर्केको हुनुपर्दछ । मसँग गर्व गरी तिमीभन्दा किन कम हुन्छु र भनी भिक्षुणी बन्न पुगेकी थिइन् । अब न जङ्गलमा गएर भावना गर्न सकिन्, न शहरमा स्थिर हुन सकिन् । शासनमा बस्न न्यास्रो लागेको ले पुनः गृहस्थी नै हुने मनमा राखिन् कि । श्रद्धाविना प्रव्रजित हुनु भनेको गाह्रो कुरा हो । गृहस्थमै रहनु पनि गाह्रै हो । कोटान कोटि धन सम्पत्ति भएकी उनको सम्पत्तिको हकदार अरू कुनै छैन । स्त्रीजातिको चित्त दृढ हुँदैन । म पनि एक पटक त्यहाँ गएर के भएको रहेछ, परीक्षा गरी हेरूं । मैले

Downloaded from http://www.dhamma.digital

विचार गरे अनुसार नै भएको रहेछ भने उनीलाई गृहस्थमैं फर्काइदिनेछु ।" यसरी करुणापूर्ण मन लिई उनी भिक्षुणीहरू रहने विहारमा गए ।

## धम्मदिन्नाको परीक्षा

विशाखसेंठ विहारमा गई भिक्षुणीहरूलाई आदरपूर्वक वन्दना गरेर धम्मदिन्नाको कुराको भावलाई विचार गरी हेर्दा उनको रूप आकार एवं व्यवहार नम्र शान्तभाव देखी सेंठ आश्चर्य चकित भए । उनले मन मनमा भने "मैले सोचे भन्दा त धेरै नै फरक भएको देखिन्छ । उनले विशेष गरी ज्ञान प्राप्त गरेकी छिन् । तैपनि हो होइन एक पटक परीक्षा गरिहेर्छु र आर्यजनले मात्र उत्तर दिन सक्ने खालका प्रश्न सोधिहेर्छु।" यति विचार गरी उनले श्रोतापन्न सम्बन्धमा प्रश्न-हरू सोद्धा। धम्मदिन्नाले त्यसको उत्तर सजिलैसँग दिइन्। श्रोतापत्ति मार्गफल त प्राप्त गरेकी रहिछ । भन्ने मनमा राखी पुनः सकृदागामी मार्ग-फल सम्बन्धी कुराहरू सोधे । कमलको डाँठलाई तरबारले काटी छिन्नभिन्न गरे झैं धम्मदिन्नाले सकृदागामी मार्ग-फल ज्ञानको उत्तर पनि दिइन् । तब सेंठले मनमा राखे कि सकृदागामी मार्ग-फल पनि प्राप्त गरिलिएकी रहिछ । फेरि अनागामी मार्ग-फल ज्ञान सम्बन्धी प्रश्न सोधे । बादललाई हावाले तितर बितर गरे झैं त्यसको जवाफ पनि तत्कालैमा दिइन् । अनागामी

Downloaded from http://www.dhamma.digital

मार्ग–फलसम्म प्राप्त गरेको कुरा पनि बुझे । अब सेंठलाई निश्चित् भयो । तब सेंठले आफू सरह मार्गज्ञान फलज्ञान प्राप्त गरेको कुरा थाहा पाए । सेंठ अनागामीमार्ग–फलज्ञान-सम्म मात्र पुगेका हुनाले त्यसभन्दा माथिको अरहत्त मार्ग-ज्ञान– फलज्ञान सम्बन्धमा प्रश्न गर्न सकेनन् र चुपलागी बसे ।

त्यसपछि धम्मदिन्ना भिक्षुणीले अरहत्त मार्ग–फल प्राप्त गरिसकेका ले मात्र बताउन सक्ने उच्च श्रेणीको धर्मो-पदेश गरिन् । त्यस उपदेशलाई सुनी अनागामीफल प्राप्त विशाखसेंठले गम्भीर समुद्रमा बाँसले नाप लिन न सकिए जस्तै अत्यन्त गम्भीरपूर्ण धर्मोपदेशको कुरा बताउँदै ल्याउँदा आफ्नो ज्ञानले भेट्टाउन सकेनन् ।

यसरी सेंठले सोधेका प्रश्नमा धम्मदिन्नाले 'चूल-वेदल्ल सूत्र' को उपदेश गरेकी थिइन् । यो सूत्र धम्मदिन्ना भिक्षुणीले विशाखसेंठलाई विशेषरूपले बताएको सूत्र हो । पहिले पृथग्जनको रूपमा रहेको बेलामा प्रेमपूर्वकसँगै बसेर आएको सेंठलाई विशेषरूपले बताएको सूत्र भएको हुनाले त्यो धर्म पनि विशेषरूपको हुन गएको छ । स्त्रीजातिहरूमध्ये प्रसिद्ध भएकी धम्मदिन्ना भिक्षुणीले बताएको चूलवेदल्लसूत्र विशेषरूपले ध्यान दिएर सुन्न वा हेर्न योग्य छ ।

यसरी चूलवेदल्लसूत्रदेशनाको अवसानमा विशाख-सेंठले धम्मदिन्ना स्थविरा अरहत्त भइसकेकी छिन् भन्ने मनले निश्चय गरे ।

Downloaded from http://www.dhamma.digital

पञ्हं पुच्छि महासेट्ठि, धम्मदिन्ना व्याकरि ।
चूलवेदल्लं देसेसि, अहो विमुत्ति थेरीया ।।

अनागामी विशाखसेंठले मार्गफल सम्बन्धी गम्भीर प्रश्न गरेको सुनी अरहत्त भएकी धम्मदिन्नाले सोधेजति प्रश्नको जवाफ दिइन् । चूलवेदल्लसूत्र पनि शङ्का निवारण हुने गरी देशना गरिन् । प्रज्ञावती धम्मदिन्नाले प्राप्त गरेको विमुक्तिज्ञानलाई जति वर्णन गरेपनि नसकिने भएको ले उनी आश्चर्यचकित भए ।

चूलवेदल्लसूत्र देशना गरिसकेपछि धम्मदिन्नाले भनिन् । "भो सेंठ ! यदि तपाईलाई मैले गरेको धर्मउपदेशमा सन्तोष नभए भगवान् बुद्धकहाँ गएर फेरि एकपल्ट सोध्न जानुभए पनि हुन्छ ।" यति भनी सेंठसँग कुनै कुरा नगरी चुपलागिन् । सेंठ पनि धम्मदिन्नालाई वन्दना गरी, भगवान् बुद्धकहाँ गए । धम्मदिन्ना अरहत्त भएर बुद्धशासनमा भिक्षुणी भएकी हुनाले सेंठले धम्मदिन्नालाई वन्दना गरेका हुन् ।

गृहस्थमा रहँदा धम्मदिन्ना आदरपूर्वक आफ्नो व्रत राम्ररी पालन गरिरहेकी थिइन् । अहिले आएर सेंठले नै उनीलाई वन्दना गर्नुपर्ने भयो। सेंठ अनागामी छँदा धम्मदिन्नालाई बहिनीको रूपमा बस, मलाई पनि दाजुको रूपमा बसी खवाउने, पिलाउने गर्नू भनी सेंठले आफू माथिल्लो तहमा बसी भनेकी थिइन् । आज उही सेंठले उनलाई वन्दना

Downloaded from http://www.dhamma.digital

गर्नुपर्‍यो । यसैले बुझिन्छ कि बुद्धशासनप्रति आदर गौरव राख्नुपर्छ । धम्मदिन्नालाई प्राप्त भएको ज्ञानलाई विचार गरी, इच्छा हुनेहरूले धम्मदिन्नाको आदर्शलाई ग्रहण गर्नुपर्छ ।

सेंठले भगवान् बुद्धकहाँ गई वन्दना गरी धम्मदिन्नाले दिएका सम्पूर्ण कुरा निवेदन गरे । भगवान् बुद्धले त्यस कुरा-लाई सुनेर प्रसन्न भई धम्मदिन्नाको प्रशंसा गरी आज्ञा गर्नुभयो–

पण्डिता विसाख धम्मदिन्ना भिक्खु ।
महापञ्ञा विसाख धम्मदिन्ना मं चे पि विसाख ।।
एतमत्थं पुच्छेय्यासि अहं एवमेव व्याकरेय्य ।।

Dhamma.Digital

हे विशाखसेंठ ! धम्मदिन्ना पण्डितनी हुन् । महा-प्रज्ञामती हुन् । यस्तो प्रश्न कसैले मसँग सोधेमा मैले पनि उनले उपदेश दिए झैं नै दिनेछु ।

यसरी प्रशंसा गर्नुभएको सुनी असाध्य प्रसन्न भएर सेंठको धम्मदिन्नाप्रति श्रद्धा बढ्यो ।

धम्मदिन्ना स्थविरा राजगृहमा बसेको बेला त्यहाँ आएका मानिसहरूलाई उत्तम धर्मदेशना गरी, बोध गराई बुद्धशासनलाई वृद्धि गरिन् । पहिले गृहस्थमा रहेको बेला पनि नाउँ प्रख्यात भएकी उनी अहिले त झन् दर्शन गर्न आउने

Downloaded from http://www.dhamma.digital

र उपदेश सुन्न भनी आउनेको घुइँचो अटूट रह्यो । दान प्रदान गर्न आउने पनि धेरै भए । यसले गर्दा आश्रममा बस्ने भिक्षुणीहरूलाई पनि धेरै नै लाभ–सत्कार बढ्यो ।

धम्मदिन्नाको उपदेश सुनेर भिक्षुणी बन्न आउनेहरू पनि दिन प्रतिदिन बढिरह्यो । कोही कोही त धर्मका कुरा बुझी स्वामीहरुसँग वचन लिएर भिक्षुणी हुन आए भने कोही कोहीलाई त आफ्ना स्वामीहरूको धर्मप्रति श्रद्धा नहुँदा वचन प्राप्त नभएर भिक्षुणी हुन आउन गाह्रो भइरह्यो । तथापि धर्मका कुरा राम्ररी बुझिसकेका लाई भने भिक्षुणी हुनबाट रोक्न सकिएन किनकि धर्म बुझिसकेका ले पञ्चकाम-लाई ठूलो दुःख सम्झने भएको ले हो ।

धम्मदिन्ना थेरी अर्हत् भइसकेपछि उनले आफूले गर्नुपर्ने काम पूर्ण गरी भिक्षुणीशासनलाई हित हुने भार लिइन् । उनको पराक्रमले भिक्षुणीहरू दिनहुँ भिक्षाजाने भए । भिक्षा जान नपर्ने गरी सो स्थानमै दान दिन आउने दाताहरू भएतापनि उनीहरूले आफ्नो भिक्षाजाने व्रत पालन गरेर नै रहे । भगवान् बुद्धले पनि भिक्षाजाने नियम पालन गर्नेहरूलाई प्रशंसा गर्नुभएको छ ।

धम्मदिन्ना थेरी राजगृहमा दिनहुँ भिक्षाजाने गरिन् तर विशाखसेंठको घरमा एक पटक पनि गइनन् कारण आफ्नै घरमा बराबर भिक्षागइरहेमा पृथग्जनहरूले निन्दा गर्ने मौका पाउनेछन् । हुनत निन्दा गरे पनि केही कुरा छैन, त्यसरी निन्दा गर्नेलाई दोष लाग्ने हुन्छ ।

Downloaded from http://www.dhamma.digital

पृहग्जनहरू त आफ्नो मनमा जे आयो त्यही भन्ने गर्छन् । त्यसकारणले उनी सेंठको घरतिर नगएकी हुन् ।

अनागामी सेंठले ठूलो श्रद्धा राखी दिनहुँ भिक्षा दिने मन गरेका थिए । एक दिन सेंठ भिक्षुणीहरूको विहारमा गई धम्मदिन्नालाई दर्शन गर्न गए । त्यस बेला धम्मदिन्नाले नै धर्म–उपदेश गरिरहेकी थिइन् । उपदेश सकिएपछि सेंठले भने– "भो आर्या ! तपाईंलाई दिनहुँ घरमा आमन्त्रण गरी भोजन दान गर्ने इच्छा छ । अरूहरूको घर घरपिछे जानुपर्दैन, मकहाँ आएर भिक्षा ग्रहण गर्नुहोस् । भिक्षा आउन गाह्रो भए विहारमा पठाइदिनेछु ।

विशाखसेंठको कुरा सुनी भिक्षुणीले भनिन्– "भो दायक ! भोजनको लागि मलाई कुनै दु:ख छैन । भगवान् बुद्धले घरैपिछे गई भिक्षाटन गर्नुमा प्रशंसा गर्नुभएको छ । यो कुरा तपाईंलाई थाहा नभएको होइन ।" सेंठ चुपलागी आफ्नो घर फर्के । धम्मदिन्नाको प्रज्ञालाई देखी भगवान् बुद्धले उनीलाई एतदग्ग पदवी दिनुभयो ।

"एतदग्गं भिक्खवे मम साविकानं भिक्खुणीनं धम्मकथिकानं यदिदं धम्मदिन्ना ।"

"हे भिक्षुगण ! मेरा श्राविकाहरूमध्ये धम्मदिन्ना अग्रछिन् ।"

भगवान् बुद्धको पालामा धर्मदेशना गर्नेहरूमा धम्मदिन्ना जैं अरू भिक्षुणीहरू थिएनन् । उनको धर्मउप-

Downloaded from http://www.dhamma.digital

देश सुनी खुशी नहुने कोही पनि थिएनन् । धम्मदिन्ना यसरी शासनमा प्रख्यात भएको पुण्यपारमी सञ्चय गरेर आएकी हुनाले हो, त्यसै सजिलैसित प्राप्त भएको होइन ।

धम्मदिन्नाले बराबर पाठ गर्ने गाथा थेरीगाथामा यसरी लेखिराखेको छ–

कामेसु अपटिबद्धचित्ता उद्धं सोता ति बुच्चतीति ।

"हे उपासिकाहरू ! जुन उपासिकाहरू मार्गफल प्राप्त गर्ने प्रबल इच्छाका हुन्छन्, त्यस्ता उपासिकाहरूले आफ्ना कार्य नसिद्धिइकन आफ्नो उत्साहलाई रत्तिभर पनि कम नगरी उद्योगसाथ कोशिश गर्नुपर्छ र मनमा राख्नसक्नुपर्छ। लोकजनले आनन्द मानी प्रसन्न भइरहने पञ्चकामगुणलाई मलमूत्र बराबर ठानी त्याग गर्नुपर्छ । यस्तो विचार गरी अग्रसर हुने उपासिकाहरू उँधोतिर लाग्न नपर्ने गरी उँभोतिर मात्र लाग्ने हुन्छन् ।

धम्मदिन्नाले यसरी गाथा अनुसार देशना गरिएबाट बुद्धशासन उज्ज्वल भइरहेको बेला धम्मदिन्नाको विचार अनुसार उँधोतिर नलागी जन्मजन्मान्तर निर्वाणतिर उन्मुख हुने इच्छा गर्ने उपासिकाहरूले यी निम्न चार कुरालाई सिकेर लिनुपर्दछ–

१. मार्गज्ञान र फलज्ञानमा पुग्ने इच्छा गर्ने ।
२. उत्साहलाई नघटाउने ।
३. निर्वाण साक्षात्कार गर्ने कुरा सँधै मनमा राखिछोड्ने ।
४. पञ्चकामगुणमा आसक्त नहुने ।

Downloaded from http://www.dhamma.digital

# विशाख उपासकको प्रश्न

यस्तो मैले सुनें ।

एक समय भगवान् राजगृहस्थित वेलुवनको कलन्दक निवापमा बस्नुभएको थियो ।

## सत्काय सम्बन्धी प्रश्न

त्यस समय विशाख उपासक धम्मदिन्ना भिक्षुणी बसेको ठाउँमा गए । त्यहाँ पुगेपछि उनी धम्मदिन्ना भिक्षुणी-लाई अभिवादन गरी एक छेउमा बसे । तब विशाख उपासकले धम्मदिन्ना भिक्षुणीलाई भने–

१– "आर्या ! 'सक्काय सक्काय' भनी भनिन्छ; आर्या ! भगवान्ले केलाई 'सत्काय' भनी भन्नुभएको छ ?"

"आवुसो विशाख ! यी पाँच उपादानस्कन्धहरूलाई भगवान्ले 'सत्काय' भनी भन्नुभएको छ । जस्तै– (१) रूप उपादानस्कन्ध (२) वेदना–उपादानस्कन्ध, (३) संज्ञा–उपादानस्कन्ध (४) संस्कार–उपादानस्कन्ध, (५) विज्ञान–उपादानस्कन्ध ।

२– "साधु आर्या ! भनी धम्मादिन्नाको भाषणलाई अभिनन्दन तथा अनुमोदन गरी विशाख उपासकले अर्को

Downloaded from http://www.dhamma.digital

प्रश्न सोधे– आर्या ! 'सत्काय–समुदय, सत्काय समुदय' भनी भनिन्छ; आर्या ! भगवान्ले केलाई 'सत्काय-समुदय' भनी भन्नुभएको छ ?" "आवुसो विशाख ! पुनर्भव हुने तृष्णा, नन्दीराग सहगत तृष्णा तथा त्यस त्यस ठाउँमा अभिनन्दित हुने तृष्णा हुन्; जस्तै– (१) कामतृष्णा (२) भवतृष्णा तथा विभवतृष्णा ।

आवुसो विशाख ! यिनै तृष्णालाई भगवान्ले "सत्काय–समुदय' हो भनी भन्नुभएको छ ।"

३– आर्या ! 'सत्काय निरोध, सत्काय निरोध' भनी भनिन्छ; आर्या ! भगबान्ले केलाई 'सत्काय–निरोध' भनी भन्नुभएको छ ?"

आवुसो विशाख ! तृष्णाबाट निश्शेषरूपले विराग, निरोध, त्याग, प्रतिनि:सर्ग, मुक्ति तथा अनालय हुनुलाई नै भगवान्ले 'सत्काय निरोध' हो भनी भन्नुभएको छ ।"

४– "आर्या ! सत्काय–निरोधगामिनी प्रतिपदा, सत्काय–निरोधगामिनी प्रतिपदा' भनी भनिन्छ; आर्या ! भगवान्ले केलाई सत्काय–निरोधगामिनीप्रतिपदा' भनी भन्नुभएको छ ?"

"आवुसो बिशाख ! यही आर्य–अष्टाङ्गिक–मार्गलाई नै भगवान्ले 'सत्काय–निरोधगामिनीप्रतिपदा' हो भनी भन्नुभएको छ । जस्तै– (१) सम्यक्–दृष्टि (२) सम्यक्–सङ्कल्प (३) सम्यक्–बाचा (४) सम्यक्–कर्मान्त

Downloaded from http://www.dhamma.digital

(५) सम्यक्–आजीव (६) सम्यक्–व्यायाम (७) सम्यक्–स्मृति तथा (८) सम्यक्–समाधि ।" (आर्यमार्गका आठ अङ्गहरू यी हुन् ।)

५– "आर्या ! उपादान भनेको र पञ्चउपादानस्कन्धहरू भनेका एउटै हुन् कि अथवा उपादान भनेको र पञ्चउपादानस्कन्धरू भनेका भिन्नाभिन्नै हुन् ?"

"आवुसो विशाख ! उपादान भनेको र पञ्चउपादानस्कन्धहरू त्यही नै होइनन्, न त पञ्चउपादानस्कन्धहरू बाहेक उपादान नै छ । अर्थात् उपादान र पञ्चउपादानस्कन्धहरू एउटै पनि होइनन् अलग पनि होइनन् ।"

"आवुसो विशाख ! पञ्चउपादानप्रति जुन छन्दराग हो– सोही नै त्यहाँ उपादान हो ।"

६– "आर्या कसरी सत्काय–दृष्टि हुन्छ ?" "आवुसो विशाख ! यहाँ, आर्यहरूलाई नदेख्ने, आर्यधर्ममा अकोविद, आर्यधर्ममा अविनीत; सत्पुरुषलाई नदेख्ने, सत्पुरुष धर्ममा अकोविद तथा सत्पुरुष धर्ममा अविनीत– अश्रुतवान् पृथग्जनले– अ) (१) रूपलाई आत्मा भनी हेर्छ । (२) रूपवान्लाई आत्मा भनी हेर्छ (३) आत्मामा रूप छ भनी हेर्छ (४) अथवा रूपमा आत्मा छ भनी हेर्छ । आ) (१) वेदनालाई आत्मा भनी हेर्छ (२) वेदानावान्लाई आत्मा भनी हेर्छ (३) आत्मामा वेदना छ भनी हेर्छ अथवा (४) वेदनामा आत्मा छ भनी हेर्छ । ई) (१) संज्ञालाई आत्मा भनी हेर्छ (२) संज्ञावान्लाई आत्मा भनी हेर्छ

Downloaded from http://www.dhamma.digital

(३) आत्मामा संज्ञा छ भनी हेर्छ अथवा (४) संज्ञामा आत्मा छ भनी हेर्छ। इ) (१) संस्कारलाई आत्मा भनी हेर्छ। (२) संस्कारवान्लाई आत्मा भनी हेर्छ (३) आत्मामा संस्कार छ भनी हेर्छ अथवा (४) संस्कारमा आत्मा छ भनी हेर्छ। उ) (१) विज्ञानलाई आत्मा भनी हेर्छ (२) विज्ञान-वान्लाई आत्मा छ भनी हेर्छ (३) आत्मामा विज्ञान छ भनी हेर्छ अथवा (४) विज्ञानमा आत्मा छ भनी हेर्छ।"

"आवुसो विशाख ! यसरी नै सत्काय-दृष्टि हुन्छ।"

७- आर्या ! कसरी सत्काय-दृष्टि हुन्न त ?"

"आवुसो विशाख ! यहाँ, आर्याहरूलाई देख्ने, आर्यधर्ममा कोविद, आर्यधर्ममा विनीत; सत्पुरुषलाई देख्ने, सत्पुरुष धर्ममा कोविद तथा सत्पुरुषधर्ममा विनीत- श्रुतवान् आर्यश्रावकले- अ) (१) रूपलाई आत्मा भनी हेर्दैन, (२) रूपवान्लाई आत्मा भनी हेर्दैन (३) आत्मामा रूप छ भनी हेर्दैन, (४) न रूपमा आत्मा छ भनी हेर्छ। आ) (१)-वेदनालाई आत्मा भनी हेर्दैन (२) वेदनावान्लाई आत्मा भनी हेर्दैन (३) आत्मामा वेदना छ भनी हेर्दैन (४) न वेदनामा आत्मा छ भनी हेर्छ। इ) (१) संज्ञालाई आत्मा भनी हेर्दैन (२) संज्ञावान्लाई आत्मा भनी हेर्दैन (३) आत्मामा संज्ञा छ भनी हेर्दैन (४) न संज्ञामा आत्मा छ भनी हेर्छ। ई) (१) संस्कारलाई आत्मा भनी हेर्दैन (२) संस्कारवान्-लाई आत्मा भनी हेर्दैन (३) आत्मामा संस्कार छ भनी हेर्दैन (४) न संस्कारमा आत्मा छ भनी हेर्छ।

Downloaded from http://www.dhamma.digital

उ) (१) विज्ञानलाई आत्मा भनी हेर्दैन (२) विज्ञानवान्-लाई आत्मा भनी हेर्दैन (३) आत्मामा विज्ञान छ भनी हेर्दैन (४) न विज्ञानमा आत्मा छ भनी हेर्छ।

"आवुसो विशाख! यसरी नै सत्कायदृष्टि हुन्न।"

## आर्य–अष्टाङ्गिकमार्ग

१– "आर्या! आर्य-अष्टाङ्गिकमार्ग भनेको कुन हो? आवुसो विशाख! आर्यअष्टाङ्गिकमार्ग भनेको यही हो; जस्तै– सम्यक्–दृष्टि, सम्यक्–सङ्कल्प, सम्यक्–वाचा, सम्यक्-कर्मान्त, सम्यक्–आजीव, सम्यक्–व्यायाम, सम्यक्–स्मृति तथा सम्यक्–समाधि।"

२– "आर्या! आर्यअष्टाङ्गिकमार्ग संस्कृत हो कि असंस्कृत हो?"

"आवुसो विशाख! आर्यअष्टाङ्गिकमार्ग संस्कृत हो।

३– "आर्या! आर्यअष्टाङ्गिकमार्गद्वारा तीन स्कन्धहरू संग्रहित भएका छन् कि अथवा तीन स्कन्धहरूद्वारा आर्य अष्टाङ्गिकमार्ग संग्रहित भएको छ!" "आवुसो विशाख! आर्यअष्टाङ्गिकमार्गद्वारा तीन स्कन्धहरू संग्रहित भएका छैनन्; बरू आवुसो विशाख! तीन स्कन्धहरूद्वारा आर्य-अष्टाङ्गिकमार्ग संग्रहित भएको छ। आवुसो विशाख! जुन सम्यक् वाचा, सम्यक् कर्मान्त तथा सम्यक् आजीव हुन्–यिनीहरू शीलस्कन्धमा संग्रहित भएका छन्। जुन सम्यक्

Downloaded from http://www.dhamma.digital

व्यायाम, सम्यक् स्मृति तथा सम्यक् समाधि हुन्– यिनीहरू समाधिस्कन्धमा संग्रहित भएका छन् । जुन सम्यक् दृष्टि र सम्यक् सङ्कल्प हुन्– यी दुई प्रज्ञास्कन्धमा संग्रहित भएका छन् ।" ४– "आर्या ! समाधि भनेको के हो, समाधि निमित्त (=आरम्मण) भनेको के हो, समाधि परिष्कार भनेको के हो तथा समाधिभावना भनेको के हो त ?"

"आवुसो विशाख ! जुन चित्तको एकाग्रता हो– त्यही समाधि हो; चार सतिपट्ठान समाधि निमित्त हो; चार सम्यक् प्रधान समाधि परिष्कार हो; जो ती धर्महरूको आसेवन गर्नु, भाविता गर्नु तथा बहुलीकृत गर्नु हो– यही समाधि भावना हो ।"

## तीन संस्कारहरू

Dhamma.Digital

१– "आर्या ! कति संस्कारहरू छन् ?

"आवुसो विशाख ! तीन संस्कारहरू छन्, जस्तै– (१) कायसंस्कार (२) वचनसंस्कार तथा (३) चित्त-संस्कार ।"

२– "आर्या ! कुन कायसंस्कार हो, कुन वचन-संस्कार हो, तथा कुन चित्तसंस्कार हो त ?"

"आवुसो विशाख ! आश्वास–प्रश्वास कायसंस्कार हुन् वितर्क र विचार वचन संस्कार हुन् तथा संज्ञा र वेदना चित्त संस्कार हुन् ।"

Downloaded from http://www.dhamma.digital

३– "आर्या ! किन आश्वास–प्रश्वास कायसंस्कार, किन वितर्क र विचार वचन संस्कार तथा किन संज्ञा र वेदना चित्तसंस्कार हुन् नि ?"

"आवुसो विशाख ! आश्वास–प्रश्वास कायिक हुन्, यी धर्महरू (=क्रियाहरू) काय प्रतिबद्ध छन्; त्यसैले आश्वाश–प्रश्वास दुबै कायसंस्कार हुन् ।" "आवुसो विशाख ! पहिले वितर्कना र विचार गरेर पछि वचन प्रकट गर्छन्; त्यसैले वितर्क र विचार वचनसंस्कार हुन् । आवुसो विशाख ! संज्ञा र वेदना चेतसिक (=चित्तको अङ्ग) हुन्; यी धर्महरू संज्ञा र वेदना चित्तप्रतिबद्ध छन्; त्यसैले संज्ञा र वेदना दुबै चित्तसंस्कार हुन् ।"

## संज्ञावेदयित–निरोध समापत्ति

१–"आर्या ! कसरी संज्ञावेदयित–निरोध समापत्ति हुन्छ ?" "आवुसो विशाख ! संज्ञावेदयित–निरोध समापत्तिमा बस्ने भिक्षुको मनमा यस्तो हुँदैन– 'म संज्ञावेदयित–निरोध समापत्तिमा बस्नेछु;' म संज्ञावेदयित–निरोध समापत्तिमा बस्दैछु' अथवा 'म संज्ञावेदयित–निरोध समापत्तिमा बसें;' बरू पहिले नै उसको चित्त त्यत किसिमसँग अभ्यस्त भएको हुन्छ, जुन किसिमको अभ्यास हुँदा स्वतः त्यस (=अचित्तक) अवस्थामा पुगिन्छ ।"

Downloaded from http://www.dhamma.digital

२– "आर्या ! संज्ञावेदयित–निरोध समापत्तिमा समापन्न हुने भिक्षुको– कायसंस्कार, वचनसंस्कार तथा चित्त-संस्कारहरूमध्येमा पहिले कुनचाहिँ संस्कार निरोध हुन्छ त ?"

"आवुसो विशाख ! संज्ञावेदयित–निरोध समा-पत्तिमा समापन्न हुने भिक्षुको पहिले वचन संस्कार निरोध हुन्छ, त्यसपछि कायसंस्कार अनि चित्तसंस्कार निरोध हुन्छ ।"

३– "आर्या ! कसरी संज्ञावेदयित–निरोध–समा-पत्तिबाट उठिन्छ त ?"

"आवुसो विशाख ! संज्ञावेदयित–निरोध–समा-पत्तिबाट उठ्ने भिक्षुलाई यस्तो हुँदैन– म संज्ञावेदयित निरोध–समापत्तिबाट उठ्नेछु, 'म संज्ञावेदयित निरोध–समापत्तिबाट उठ्दैछु' अथवा 'म संज्ञावेदयित निरोध–समापत्तिबाट उठें; बरू उसको चित्त पहिले नै त्यस किसि-सँग अभ्यस्त भएको हुन्छ जुन किसिमसँग अभ्यास हुँदा स्वतः त्यस (=सचित्तक) अवस्थामा पुगिन्छ ।"

४- "आर्या संज्ञावेदयित निरोध– समापत्तिबाट उठ्ने भिक्षुको कायसंस्कार, वचनसंस्कार र चित्तसंस्कारहरू-मध्येमा कुनचाहिँ संस्कार पहिले उत्पन्न हुन्छ त ?"

"आवुसो विशाख ! संज्ञावेदयितनिरोध– समापत्ति-बाट उठ्ने भिक्षुको सर्वप्रथम चित्तसंस्कार उत्पन्न हुन्छ, त्यसपछि कायसंस्कार अनि वचनसंस्कार उत्पन्न हुन्छ ।"

Downloaded from http://www.dhamma.digital

५– "आर्या ! संज्ञावेदयितनिरोध–समापत्तिबाट उठेका भिक्षुलाई कति स्पर्शहरूको अनुभव हुन्छ त ?"

"आवुसो विशाख ! संज्ञावेदयितनिरोध– समापत्ति-बाट उठेका भिक्षुलाई तीन स्पर्शहरूको अनुभव हुन्छ– (१) शून्यताको अनुभव, (२) अनिमित्तताको अनुभव तथा (३) अप्रणिहितताको अनुभव ।"

६– "आर्या ! संज्ञावेदयितनिरोध– समापत्तिबाट उठेको भिक्षुको चित्तधार कतातिर लागेको हुन्छ, कतातिर बगेको हुन्छ अथवा कतातिर झुकेको हुन्छ त ?"

"आवुसो विशाख ! संज्ञावेदयितनिरोध–समापत्ति-बाट उठेको भिक्षुको चित्तधार विवेक (=निर्वाण) तिर लागेको हुन्छ, विवेकतिर बगेको हुन्छ तथा विवेकतिरै झुकेको हुन्छ ।"

## तीन वेदनाहरू

१– "आर्या ! कति वेदनाहरू छन् त ?"

"आवुसो विशाख ! तीन वेदनाहरू (=अनुभवहरू) छन् जस्तै– (१) सुखवेदना (२) दु:खवेदना (३) तथा अदु:ख–असुखवेदना ।"

२– "आर्या ! कुन सुखवेदना हो, कुन दु:खवेदना हो तथा कुन अदु:ख–असुखवेदना हो त ?"

Downloaded from http://www.dhamma.digital

"आवुसो विशाख ! जो कायिक वा चैतसिक (=मानसिक) सुख वा स्वादिलो अनुभव हो– यही नै सुखवेदना हो । आवुसो विशाख ! जो कायिक वा चैतसिक दु:ख वा अस्वादिलो अनुभव हो– यही नै दु:ख वेदना हो । आवुसो विशाख ! जो कायिक वा चैतसिक न स्वादिलो, न अस्वादिलो अनुभव (वेदयित) हो– यही नै अदु:ख-असुख अर्थात् उपेक्षा वेदना हो ।"

३– "आर्या ! सुखवेदनामा के सुख हुन्छ, के दु:ख हुन्छ त ? दु:ख वेदनामा के सुख हुन्छ, के दु:ख हुन्छ त ? अदु:ख-असुख वेदनामा के सुख हुन्छ, के दु:ख हुन्छ त ?" "आवुसो विशाख ! सुखवेदना स्थिति (=स्थिरपन) सुख हो, अस्थिति (=अस्थिरपन अन्यथाभाव) दु:ख हो । दु:खवेदनाको स्थिति दु:ख हो, अस्थिति (=अस्थिरपन वा अन्यथाभाव) सुख हो । अज्ञानस्वभाव दु:ख हो ।"

४– "आर्या ! सुखवेदनामा कुन अनुशय (=चित्त-मल) लिप्त भएको हुन्छ, दु:खवेदनामा कुन अनुशय लिप्त भएको हुन्छ, तथा अदु:ख-सुखवेदनामा कुन अनुशय लिप्त भएको हुन्छ त ?"

"आवुसो विशाख ! सुखवेदनामा रागानुशय (लिप्त अनुशयन) भएको हुन्छ, दु:खवेदनामा प्रतिघानुशय (=द्वेषभाव) लिप्त हुन्छ, तथा अदु:ख-असुख वेदनामा अविद्यानुशय लिप्त भएको हुन्छ ।"

Downloaded from http://www.dhamma.digital

५– "आर्या ! सबै सुखवेदनाहरूमा रागानुशय लिप्त भएको हुन्छ के सबै दुःखवेदनाहरूमा प्रतिघानुशय लिप्त भएको हुन्छ के, सबै अदुःख–असुख वेदनाहरूमा अविद्यानुशय लिप्त भएको हुन्छ के ?"

"आवुसो विशाख ! सबै सुखवेदनाहरूमा रागानुशय प्रलिप्त भएको हुन्न, सबै दुःखवेदनाहरूमा प्रतिघानुशय प्रलिप्त भएको हुन्न, सबै अदुःख असुख वेदनाहरूमा अविद्यानुशय प्रलिप्त भएको हुन्न ।"

६– "आर्या ! सुखवेदनाबाट के हटाउनुपर्छ, दुःखवेदनाबाट के हटाउनुपर्छ र अदुःख–असुखवेदनाबाट के हटाउनुपर्छ त ?"

"आवुसो विशाख ! सुखवेदनाबाट रागानुशय हटाउनुपर्छ, दुःखवेदनाबाट प्रतिघानुशय हटाउनुपर्छ र अदुःख–असुखवेदनाबाट अविद्यानुशय हटाउनुपर्छ ।"

७– "आर्या ! सबै सुखवेदनाहरूबाट रागानुशय हटाउनुपर्छ, सबै दुःखवेदनाहरूबाट प्रतिघानुशय हटाउनुपर्छ, सबै अदुःख–असुखवेदनाहरूबाट अविद्यानुशय हटाउनुपर्छ त ?"

"आवुसो विशाख ! सबै सुखवेदनाहरूबाट रागानुशय हटाउनुपर्छ भन्ने छैन, सबै दुःखवेदनाहरूबाट प्रतिघानुशय हटाउनुपर्छ भन्ने छैन, न त सबै अदुःख–असुखवेदनाहरूबाट अविद्यानुशय हटाउनुपर्छ भन्ने नै छ । आवुसो विशाख !

Downloaded from http://www.dhamma.digital

यहाँ भिक्षु जब विवेकज: प्रीतिसुखयुक्त प्रथम ध्यान प्राप्त-गरी विहार गर्छ तब त्यस ध्यानद्वारा राग हट्छ; अनि त्यहाँ रागानुशय लिप्त हुँदैन । आवुसो विशाख ! यहाँ, त्यो भिक्षुले यस्तो सोच्छ- कहिले म त्यस आयतन (=अर्हत्व) लाई प्राप्त गरी विहार गर्न सकूँ, जुन आयतन प्राप्त गरी आर्यहरू विहार गर्छन्- यसरी अनुत्तर विमोक्षमा स्पृहा उत्पन्न हुन्छ, स्पृहाको कारणद्वारा दौर्मनस्य उत्पन्न हुन्छ र त्यसद्वारा प्रतिघ हट्छ; अनि त्यहाँ प्रतिघानुशय लिप्त हुँदैन । आवुसो विशाख ! यहाँ, भिक्षु सुखलाई पनि त्यागी, दु:खलाई पनि त्यागी; पहिले नै सौमनस्य दौर्मनस्यलाई अन्तगरी- अदु:ख-असुख भएको उपेक्षा स्मृति परिशुद्धि भएको- चतुर्थध्यान प्राप्त गरी विहार गर्छ । त्यसद्वारा अविद्या हट्छ; अनि त्यहाँ अविद्यानुशय लिप्त हुँदैन ।"

## प्रतिपक्ष कारणहरू

१- "आर्या ! सुखवेदनाको विरोधी के हो त ?" "आवुसो विशाख ! सुखवेदनाको विरोधी दु:खवेदना हो ।"

२- "आर्या ! दु:खवेदनाको विरोधी के हो त ?" आवुसो विशाख ! दु:खवेदनाको विरोधी सुखवेदना हो ।"

३- "आर्या ! अदु:ख-असुख वेदनाको विरोधी के हो त ? "आवुसो विशाख ! अदु:ख-असुखवेदनाको विरोधी अविद्या हो ।"

Downloaded from http://www.dhamma.digital

४– "आर्या ! अविद्याको विरोधी के हो त ?"
"आवुसो विशाख ! अविद्याको विरोधी विद्या हो ।"

५– "आर्या ! विद्याको विरोधी के हो त ?"
"आबुसो विशाख ! विद्याको विरोधी विमुक्ति हो ।"

६– "आर्या ! विमुक्तिको विरोधी के हो त ?"
"आवुसो विशाख ! विमुक्तिको विरोधी निर्वाण हो ।"

७– "आर्या ! निर्वाणको विरोधी के हो त ?"
आवुसो विशाख ! प्रश्नभन्दा धेरै बाहिर गयौ; प्रश्नको अन्तलाई बुझ्न सकेनौ। आवुसो विशाख ! ब्रह्मचर्यको अन्त नै निर्वाणमा पुग्नु हो, निर्वाण परायण हो र निर्वाण पर्यवसान हो । आवुसो विशाख ! यदि चाहन्छौ भने भगवान्कहाँ गई यिनै प्रश्नहरू सोध; अनि जस्तो भगवान्ले उत्तर दिनुहुनेछ त्यस्तै धारण गर ।"

## भगवान्को अनुमोदन

अनि धम्मदिन्ना भिक्षुणीको भाषणलाई अभिनन्दन तथा अनुमोदन गरी, आसनबाट उठी धम्मदिन्ना भिक्षुणीलाई अभिवादन तथा प्रदक्षिणा गरी विशाख उपासक भगवान् भएको ठाउँमा गए । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका विशाख उपासकले जति कुराहरू धम्मदिन्ना भिक्षुणीसँग गरेका थिए ती सबै कुराहरू भगवान्लाई सुनाए । त्यस्तो सुनाउँदा विशाख उपासकलाई भगवान्ले यस्तो भन्नुभयो–

Downloaded from http://www.dhamma.digital

"विशाख ! धम्मदिन्ना भिक्षुणी पण्डितनी हुन्, विशाख ! धम्मदिन्ना भिक्षुणी महाप्रज्ञावती हुन् । विशाख ! यदि तिमीले यी प्रश्नहरू मसँग सोधेको भए पनि मैले त्यसको उत्तर त्यस्तै गरी दिने थिएँ; जस्तो धम्मदिन्ना भिक्षुणीले तिमीलाई व्याकरण गरिन् । यही नै त्यसको अर्थ हो । यस्तै हो भनी तिमीले धारण गर ।"

भगवान्ले यति भन्नुभयो । अनि, विशाख उपासकले भगवान्को भाषणलाई अभिनन्दन गरे ।

★

Downloaded from http://www.dhamma.digital

## अनुवादिकाका अन्य अनुवादित/सम्पादित पुस्तकहरू

१. वनवासीतिस्स
२. लङ्कादीपुप्पत्ति रसवाहिनी (प्रथम भाग)
३. अग्रमहिषी मल्लिकादेवी
४. धम्मदिन्ना थेरी (नेपाली)

## अनुवादिकाबाट प्रकाशित पुस्तकहरू

१. धम्मदिन्ना थेरी (नेपाल भाषा)
२. त्रिरत्न वन्दना
३. बौद्ध शिक्षा
४. पालिपाठ सिक्खावली
५. आसीविसोपम सुत्त
६. धम्मदिन्ना थेरी (नेपाली भाषा)

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital